
पश्चिमा जगतलाई पुटिनको ताजा चेतावनी | पृष्ठ ५ मा




जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक ११० • २०८२ साल भाद्र २२ गते आइतबार (7 September, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपा नेपाल मधेश प्रदेश अधिवेशन

# प्रदेश अध्यक्षका लागि बालकिशोर भर्सेस योगेन्द्रको उम्मेदवारी घोषणा



**टुडे समाचारदाता**

जनकपुरधाम । जसपा नेपाल मधेश प्रदेशको प्रदेश अधिवेशन नजिकिँदै गर्दा उम्मेदवारी घोषणा गर्ने क्रम पनि शुरु भएको छ ।

जसपा नेपालका मधेश प्रदेश कार्य समितिका अध्यक्ष बालकिशोर यादवले पुनः अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा नगरे पनि उनले आन्तरिक तयारी थालेका छन् । यता मधेश प्रदेशका पूर्वराज्यमन्त्रीसमेत रहेका योगेन्द्र राय यादवले भने औपचारिक रुपमै उम्मेदवारी घोषणा गरेका छन् ।

जसपा नेपालका केन्द्रीय सदस्यसमेत रहेका योगेन्द्र राय यादवले मधेश प्रदेश अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेका छन् ।

यही भदौं ३१ गतेदेखि असोज १ गतेसम्म हुने जसपा नेपालको मधेश प्रदेश अधिवेशनमा अध्यक्ष पदमा उम्मेदवारी दिने नेता यादवले घोषणा गरेका छन् ।

देशमै सबभन्दा ठूलो जनाधार रहेको जसपा नेपालको मधेश प्रदेशको एकताको प्रथम अधिवेशन यही भदौं ३१ गतेदेखि शुरु हुन लागेको छ ।

नयाँ नेतृत्व चयनका लागि जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेशको हुन लागेको प्रदेश अधिवेशनमा जसपा नेपालका समाजवादी युवा संघका पूर्वअध्यक्षसमेत रहेका पूर्वराज्य मन्त्री योगेन्द्र राय यादवले प्रदेश अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेपछि अहिले जसपा नेपालभित्र तरंग उत्पन्न भएको छ भने यस निर्वाचनलाई निकै महत्वका साथ हेरिएको छ ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको लामोसमयसम्म स्वकीय सचिवदेखि सहयोगीसम्म भएर विगतमा काम गरिसकेका, मधेश प्रदेशको राज्यमन्त्रीको जिम्मेवारी सम्हालिसकेका, पार्टीको मधेश प्रदेशको राजनीतिमा बलियो पकड बनाउन सफल, जसपा नेपालको प्रदेश राजनीतिमा योगदान दिएका र विद्यार्थी जीवनदेखि नै मधेशलाई आधार बनाएर राजनीति गर्दै आएका योगेन्द्र राय यादव जसपा नेपालको मधेश प्रदेश अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेपछि पार्टीभित्र चर्चाको विषय बनेको छ ।

> पूर्वराज्यमन्त्री योगेन्द्र राय यादवले जसपा नेपालको आधार क्षेत्र रहेको मधेश प्रदेशमा अहिले प्रमुख प्रतिपक्षीको भूमिकामा रहनु परेकाले वर्तमान प्रदेश अध्यक्ष बालकिशोर यादव असफल भएकाले आफूले उम्मेदवारी घोषणा गरेको बताए ।

संगठन निर्माणमा विगतदेखि नै कठिन संघर्ष गरेका मेहनती योगेन्द्र राय यादवको उम्मेदवारी घोषणाले जसपा नेपाल मधेश प्रदेशको निवर्माचन निकै प्रतिस्पर्धात्मक रोचक हुने अनुमान गरिएको छ । उनले आफ्नो जित सुनिश्चित रहेको दाबी गरे ।

पूर्वराज्यमन्त्री योगेन्द्र राय यादवले जसपा नेपालको आधार क्षेत्र रहेको मधेश प्रदेशमा अहिले प्रमुख प्रतिपक्षीको भूमिकामा रहनु परेकाले वर्तमान प्रदेश अध्यक्ष बालकिशोर यादव असफल भएकाले आफूले उम्मेदवारी घोषणा गरेको बताए । उनले आफू निर्वाचित भएमा पुनः प्रदेशमा जसपा नेपालको सरकार हुने ठोकुवा गरे । उनले मधेश प्रदेशको वर्तमान राजनीतिक मुद्दा, संगठन निर्माण, वैचारिक राजनीतिक स्पष्ट कार्यदिशालाई जनतामाझ लैजानमा अहिलेको नेतृत्व पूर्णतः असफल भएकाले आफूले ०८४ को मिसनलाई सफल बनाउनका लागि उम्मेदवारी घोषणा गरेको स्पष्ट पारे ।

निर्वाचन लड्ने लक्ष्यका साथ उनले विगत केही महिनादेखि मधेश प्रदेशका आठवटै जिल्लामा पुगेर नेता तथा कार्यकर्तासँग भेटघाट गर्दै आएका छन् ।

मधेशको सबै जिल्लामा जसपा नेपालका शीर्ष नेता देखि लिएर प्रदेश र जिल्ला निर्वाचन क्षेत्रका अधिकांश नेता कार्यकर्ताहरुसंग भेटघाट गरी सघाउनका लागि सहयोग मागेको उनले बताए ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्य तथा पार्टीका अन्य शीर्ष नेताहरूको उपस्थितिमा जनकपुरधाममा भव्य समारोहकाबीच जसपा नेपालको मधेश प्रदेश अधिवेशनको उद्घाटन यही भदौं ३१ गते हुने छ ।

भदौं ३१ गते अधिवेशनको उद्घाटनसत्र हुने र असोज १ गते देखि बन्दसत्र शुरु हुने कार्यक्रम रहेको जनाइएको छ ।

जसपा नेपाल मधेश प्रदेश अध्यक्षका आकांक्षी अहिलेसम्म दुईजना देखिएका छन् ।

एकताको प्रथम प्रदेश अधिवेशनमा जसपा नेपाल मधेश प्रदेशको ६५ सदस्यीय समिति रहने छन् भने ९ जना पदाधिकारी रहने छ । यस अधिवेशनमा ६ सय प्रतिनिधि सहभागी हुने छन् भने प्रतिनिधि छनोटका लागि यही भदौं २५ गते प्रत्येक निर्वाचन क्षेत्रमा क्षेत्रीय भेलाबाट छनोट गरिने भएको छ ।

रामबाबु यादवको अध्यक्षतामा रहेको प्रदेश कमिटी भंग गरेपछि सरकारी कर्मचारी रहेकै अवस्थामा बालकिशोर यादवलाई प्रदेश अध्यक्षमा दुई वर्ष अघि चयन गरिएको थियो ।

प्रदेश अध्यक्ष बालकिशोर यादव स्वास्थ्य कार्यालय पर्सामासातौं तहका अधिकृत पदमा कार्यरत थिए । कार्यरत रहँदा नै उनलाई प्रदेश अध्यक्ष पदमा चयन गरिएको थियो ।







## खग्रास चन्द्रग्रहण आज

**टुडे समाचारदाता**

जनकपुरधाम। भाद्र शुक्ल पूर्णिमाका दिन आइतबार खग्रास (पूरै ढाकिने) चन्द्रग्रहण लाग्ने नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ।

ग्रहणले भदौं २२ गते राति १० बजेर ११ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चांग)मा उल्लेख छ। राति ११:५६ मा चन्द्रग्रहणको मध्य हुनेछ। राति ०१:४१ बजे ग्रहण सकिने समितिका पूर्वअध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीले जानकारी दिए।

साढे तीन घण्टा काठमाण्डुबाट चन्द्रग्रहण देखिने उनले बताए।

०८२ सालको यो पहिलो ग्रहण हो। आउँदो फाल्गुन शुक्ल पूर्णिमामा पनि खण्डग्रास चन्द्रग्रहण लाग्ने समितिले जनाएको छ।


ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीय रूपमा भोजन निषेध गरिएको पनि उनले बताए।



# डेङ्गी सङ्क्रमणको जोखिम कायमै छ सचेत रहनुहोला

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले डेङ्गीसङ्क्रमणको जोखिम आगामी कात्तिकसम्म रहने भएकाले थप सचेत रहन आग्रह गरेको छ । पछिल्लो समय कामपाको ३२ वटै वडामा डेङ्गीका बिरामी बढेका कामपा स्वास्थ्य विभागले जानकारी दिएको छ ।

भदौदेखि आगामी कात्तिकसम्म डेङ्गी सङ्क्रमणको जोखिक बढी रहेकाले कामपाले थप सचेत रहन आग्रह गरेको हो । पछिल्लो समय कामपा डेङ्गी सङ्क्रमित पनि बढिरहेकाले यसले महामारीको रूप समेत लिन सक्ने भन्दै कामपाले अलि बढीनै सचेत रहन आग्रह गरेको कामपा स्वास्थ्य विभागका महामारी रोग रोकथाम तथा नियन्त्रण फोकलपर्सन ऋषिप्रसाद भुसालले जानकारी दिनुभयो ।



भुसालका अनुसार, स्थानीय सरकार वा केन्द्रीय सरकारले उक्त रोग नियन्त्रणका लागि यो गरे वा गरेनभन्दा पनि प्रत्येक नागरिकले घरघरबाट डेङ्गी सङ्क्रमण नियन्त्रणको लागि पहल गरे ठूलो समस्याको सामना गर्नुगर्दैन त्यसैले यसको लागि नागरिक आफैँ पनि जिम्मेवार बन्न आवश्यक छ ।

भुसालका अनुसार कार्यक्रममा लामखुट्टे बस्ने स्थानहरू नष्ट गर्ने, माइकिङ गर्ने, नगरवासीलाई सचेत गराउने काम समेत भइरहेको छ । कामपाले यसअघिबाट नै लामखुट्टेको वासस्थान खोज र नष्ट गर अभियान सञ्चालन गर्दै आएको छ । पानी जम्ने ठाउँमा लामखुट्टेले लार्भा बनाउने भएकाले पानी जम्न नदिन र निरन्तर सरसफाइको लागि जनचेतनामूलक अभियान जारी राखिएको भुसालले जानकारी दिनुभयो ।

डेङ्गीको जोखिम कम गर्न र सावधानी अपनाउन समुदायमा पुगेर सचेतना जगाउने काम भइरहेको छ । "घरमा भएका गमला, ड्रम, तथा सफा पानीमा डेङ्गीको लार्भा छन् । घरभित्रनै लामखुट्टे उत्पादन गर्ने कारखाना भइसकेको छ", भुसालले भन्नुभयो, "सामान्य जानकारी नहुँदा डेङ्गी फैलिरहेकाले छ । यसलाई नियन्त्रण गर्न खोज र नष्ट गर अभियान सबैभन्दा उत्तम हुन्छ ।" त्यसका साथै स्कुल-स्कुलमा पुगेर बालबालिकामार्फत डेङ्गी नियन्त्रणका लागि सचेतनाको कार्यक्रम कामपाले गरिसकेको छ ।

डेङ्गी भाइरसद्वारा सङ्क्रमित एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा बढी पाइने गर्छ । यो लामखुट्टे सफा पानी जमेको स्थानमा फुल पार्ने गर्छ । विशेषगरी, वर्षाको पानी जम्ने जथाभावी फालेका बोतल, टिनका भाँडा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रम, गमला, पानीका ट्याङ्की आदिमा यसले फुल पार्छ ।रासस

# काठमाडौँमा राष्ट्रिय अनौपचारिक शिक्षा सम्मेलन सम्पन्न

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले परम्परागत ज्ञान, सीप र कलालाई जीवनसँग जोड्ने अनौपचारिक शिक्षालाई सरकारले राष्ट्रिय योग्यताको प्रारूपअनुसार प्राथमिकता दिने बताउनुभएको छ ।

अन्तरराष्ट्रिय साक्षरता दिवस २०२५ को अवसरमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा युनेस्को काठमाडौँको संयुक्त आयोजनामा काठमाडौँमा शुक्रबार सम्पन्न राष्ट्रिय अनौपचारिक शिक्षा सम्मेलनमा मन्त्री पन्तले भन्नुभयो, "हामीसित पुर्ख्यौली ज्ञान अथाह छ, शिक्षा र सीपलाई जीवनसँग कसरी जोड्ने भन्ने अहिलेको मूल चुनौती भएको छ । परम्परागत ज्ञान, सीप र कला आधुनिकताको चपेटामा परी हराउँदैछन् ।"

शिक्षा मन्त्रालयद्वारा अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार भइसकेको छ, जसमा अनौपचारिक शिक्षाका तह १-४ सम्मलाई सम्बोधन गरिएको छभने अहिले तह ५ को तयारी पनि भइरहेको छ ।

मन्त्री पन्तले पुर्ख्यौली ज्ञानलाई निरन्तरता दिँदै वैज्ञानिक रूपमा व्याख्या गर्नुपर्नेमा जोड दिए । "मौसमी तरकारी तथा फलफूलको मात्र बास्ना र स्वाद पाइन्छ तर अहिले बेमौसमी तरकारी र खाद्यान्नको बाहुल्य छ । नयाँ पुस्ताले पुर्ख्यौली ज्ञान र सीप बिर्सँदै गयो", मन्त्री पन्तले थप्नुभयो, "अझ प्रकृतिलाई हेर्ने दृष्टिकोणमा पनि हामी चुकेका छौँ, जसको उदाहरण जलवायु परिवर्तनको असर हो । नयाँ पुस्ताले प्रविधिमात्रै जान्यो, प्रकृतिलाई कतिसम्म लिने र प्रयोग गर्ने भन्ने पनि जानेन ।"




मन्त्री पन्तले औपचारिक शिक्षाले आजीवन सिकाइ, पुर्ख्यौली ज्ञान, प्रकृतिको संरक्षण र खाद्य संस्कृतिलाई सम्बोधन गर्न नसक्ने भएकाले अनौपचारिक शिक्षालाई अपनाउनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौडेलले कसैलाई पछाडि नपारी गुणस्तरीय समावेशी शिक्षा दिन अनौपचारिक शिक्षाको माध्यम महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो । उहाँले १६ औँ योजनाको दीर्घकालीन सोच र लक्ष्य पूरा गर्न अनौपचारिक शिक्षालाई सफल बनाउनुपर्ने बताउनुभयो । पन्ध्रदेखि ३५ वर्ष उमेर समूहका व्यक्तिहरू अहिले पनि निरक्षर रहेकाले गार्मेन्टजस्ता कलकारखानामै गई अनौपचारिक शिक्षा दिने कार्यक्रम अघि सार्नुपर्ने बताउनुभयो । अन्तर-मन्त्रालयहरूलाई शिक्षा मन्त्रालयले समन्वय गरी अनौपचारिक शिक्षाका विविध आयाममा छलफल गर्न खोजेमा योजना आयोगले सघाउने पनि सदस्य पौडेलले बताउनुभयो ।

आजीवन सिकाइका अभियन्ता तथा शिक्षाविद् विमलकुमार फुँयालले 'नेपालमा आजीवन सिकाइ प्रवर्द्धनका लागि अनौपचारिक शिक्षाको सुदृढीकरण' विषयक प्रस्तुती थियो । उहाँले अनौपचारिक शिक्षाका नाममा औपचारिकजस्तै पद्धति अपनाइयो भने त्यसले फेल खाने बताउनुभयो । उहाँले आजीवन शिक्षाको इतिहासदेखि वर्तमानसम्मको अभ्यासबारे जानकारी दिँदै अब नव अनौपचारिक शिक्षालाई समेत समेट्नेगरी अनौपचारिक शिक्षासम्बन्धी छुट्टै कानुन बनाउनुपर्ने सुझाव दिनुभयो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक कृष्ण काप्रीले साक्षरतासँगै आजीवन शिक्षालाई पनि आफूहरूले जोडिरहेको जानकारी दिनुभयो । अनौपचारिक शिक्षासम्बन्धी राष्ट्रिय कार्यढाँचा बनेको र त्यो छिट्टै पारित हुने पनि जनाउनुभयो । काप्रीले निरन्तर शिक्षा र आयआर्जनलाई जोड्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो । साथै, नेपालको साक्षरता वृद्धिमा सामुदायिक सिकाइ केन्द्रहरूको योगदान अतुलनीय रहेको पनि स्पष्ट पार्नुभयो ।

नेपालका लागि युनेस्कोका प्रतिनिधि याको दु तोइले नेपालले विगतका वर्षहरूमा शैक्षिक अवसरहरू विस्तार र साक्षरता दर सुधार गर्ने सन्दर्भमा उल्लेखनीय प्रगति गरेको बताउनुभयो । तर महिला, अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी र गरिबीको रेखामुनि रहेका सीमान्तकृत समूहहरूले समान रूपमा लाभ उठाउन अझै चुनौतीपूर्ण रहेको टोइटले औँल्याउनुभयो । युनेस्कोले साक्षरतालाई आधारभूत मानवअधिकार, शिक्षा एजेन्डा २०३० र दिगो विकास लक्ष्य ४ मा परिकल्पना गरिएअनुसार आजीवन सिकाइको आधारलाई आत्मसात गरेको प्रष्ट्याउँदै उहाँले भन्नुभयो, "आजको संसारमा साक्षरतालाई अगाडि बढाउन समानता र समावेशीकरणमा बलियो ध्यान केन्द्रित गर्नुपर्छ । खासगरी डिजिटल संसारमा, कसैलाई पनि शिक्षा हासिल गर्नबाट पछाडि पारिनुहुँदैन ।"

युनेस्को काठमाडौँका शिक्षा प्रमुख ध्रुव रेग्मीले ध्रुवराज रेग्मीले आजीवन सिकाइ र अनौपचारिक शिक्षाका निम्ति सरकारसँग सहकार्य गर्दै युनेस्कोले सघाउने स्पष्ट पार्नुभयो।

अनौपचारिक शिक्षा सम्मेलनमा विभिन्न विषयमा समूहगत छलफल गरिएको थियो जसमा 'डिजिटल साक्षरताको नीति र अभ्यास' र 'डिजिटल युगमा युवा तथा प्रौढको सिकाइ'शीर्षक थिए । 'डिजिटल साक्षरताको नीति र अभ्यास' छलफलमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपमहानिर्देशक महेन्द्र पराजुली, प्रा डा सुशन आचार्य, सैनामैना नगरपालिकाका प्रमुख फणीन्द्रप्रसाद शर्मा र युनिसेफकी पूर्णिमा गुरुङले विचार व्यक्त गरेका थिए ।

यसैगरी, 'डिजिटल युगमा युवा तथा प्रौढको सिकाइ' सम्बन्धी छलफलमा युनेस्को क्लब बागमतीका प्रतिनिधि तथा युवा वैज्ञानिक निश्चल बानियाँ, पिठुवा सामुदायिक सिकाइ केन्द्र रत्ननगरका अध्यक्ष नेत्र घिमिरे, बारागढी गाउँपालिकाकी शिक्षा अधिकृत जलमति चौधरी, देवीथान सामुदायिक सिकाइ केन्द्र पर्वतकी सहजकर्ता रिमा गुरुङ र लक्ष्मी सामुदायिक सिकाइ केन्द्र सप्तरीका अध्यक्ष माधव चौधरीले भाग लिनुभएको थियो ।रासस

# सञ्चार क्षेत्रले राम्रा काम जनतासम्म पुऱ्याउनुपर्छ : अर्थमन्त्री पौडेल

काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सञ्चार जगत्ले सरकारका कमजोरी औँल्याउने र सकारात्मक काम जनतासम्म प्रभावकारी रूपमा पुऱ्याउनुपर्ने बताउनुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २७ औँ वार्षिक साधारणसभा तथा अधिवेशनलाई शनिबारयहाँ सम्बोधन गर्दै उहाँले सञ्चार क्षेत्रलाई आलोचनात्मक र सुझावात्मक दुवै दृष्टिकोणले अघि बढ्नुपर्ने बताउनुभयो । "सरकारका नीतिगत त्रुटि वा कार्यान्वयनमा कमजोरी भए त्यसलाई प्रस्टसँग जनतासामु उजागर गर्नु सञ्चारको दायित्व हो", पौडेलले भन्नुभयो, "साथसाथै सरकारले गरेका उपलब्धि र जनहितमा भएका कामबारे नागरिकलाई सुसूचित पनि त्यत्तिकै महत्त्वपूर्ण छ ।" सो अवसरमा अर्थमन्त्री पौडेलले आर्थिक पत्रकारिताको महत्त्वमा जोड दिँदै मुलुकको अर्थतन्त्रलाई सबल बनाउन पत्रकारको भूमिका अपरिहार्य रहेको उल्लेख गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले कोभिड महामारी, रुस-युक्रेन तनावलगायत कारण मुलुकको अर्थतन्त्रमा असर देखिएको र पछिल्लो समय सुधार हुँदै गएको बताउनुभयो । मुलुकको आर्थिक क्षेत्र सुधारका लागि निजी क्षेत्रबाट कसरी भूमिका खेल्न सकिन्छ भनेर महासङ्घले सधैँ पहल गरिरहेको उल्लेख गर्दै उहाँले कानुनी र व्यवहारिक सुधारका लागि सरकारलाई निरन्तर सुझाव दिइरहेको धारणा राख्नुभयो । यद्यपि कानुन कार्यान्वयन कमजोर हुँदा सोचेअनुरुप नतिजा प्राप्त गर्न नसकेको ढकालको भनाइ छ ।




कार्यक्रममा नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले मुलुकको अर्थतन्त्र सुधारका लागि कुन क्षेत्रमा कति लगानी आवश्यक छ र त्यसका लागि के कस्ता नीतिगत तथा कानुनी सुधार गरिनुपर्छ भनेर परिसङ्घले अध्ययन गरिरहेको बताउनुभयो ।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले अर्थतन्त्र सूचकहरू विस्तार सुधार हुँदै गए पनि निजी क्षेत्र अझै लगानीका तयार नभइसकेको बताउनुभयो । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सरकारलाई दिएका सुझाव तथा सिफारिस कार्यान्वयनमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा सेजनका पूर्वअध्यक्षहरूले सञ्चार क्षेत्रले सामना गरिरहेका चुनौती, पत्रकारिताको गुणस्तर र आर्थिक क्षेत्रसम्बन्धी अनुसन्धानात्मक समाचारको आवश्यकताबारे विचार व्यक्त गर्नुभएको थियो । अधिवेशनले सेजनको नयाँ नेतृत्व चयन गर्नेछ ।रासस

# अझै ६१ स्थानीय तहले ल्याएनन् चालु आवको बजेट

काठमाण्डु । हालसम्म ६१ स्थानीय तहले चालु आर्थिक वर्षका बजेट सार्वजनिक गर्न सकेका छन् । नियमानुसार, गत असार १० गते स्थानीय तहको बजेट सार्वजनकि गर्नुपर्ने व्यवस्था छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार कूल ७५३ स्थानीय तहमध्ये ६९२ स्थानीय तहले हालसम्म बजेट सार्वजनिक गरी कार्यान्वयन गरेका छन् । बजेट पेश नभएका स्थानीय तहको सङ्ख्या ६१ वटा छन् । सो मन्त्रालयका अनुसार कोशी प्रदेशका पाँच, मधेस प्रदेशका ४०, वाग्मती प्रदेशका पाँच स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गरेका छैनन । राजनीतिक विवाद र स्थानीय समस्याका कारण ती स्थानीय तहले बजेट प्रस्तुत गर्न नसकेको पाइएको छ ।




गण्डकी प्रदेशका सबै स्थानीय तहले बजेट ल्याउँदा, लुम्बिनी प्रदेशका सात, कर्णाली प्रदेशका तीन र सुदूरपश्चिम प्रदेशको एक स्थानीय तहले बजेट ल्याएका छैनन् ।

भोजपुरको साल्पासिलिछो गाउँपालिका, इटहरी उपमहानगरपालिका, धरान उपमहानगरपालिका, मोरङको सुनबर्षी नगरपालिका र ओखलढुंगाको सुनकोशी गाउँपालिकाले हालसम्म बजेट सार्वजनिक गर्न सकेका छैन ।

मधेस प्रदेश अन्तर्गत सप्तरीका मात्रै पाँच स्थानीय तहले बजेट ल्याएका छैनन् । सिरहाका तीन, धनुषाको १०, महोत्तरी एक, सर्लाहीको पाँच, रौतहटको पाँच, बाराको पाँच र पर्साका पाँच स्थानीय तहले बजेट ल्याएका छैनन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरणअनुसार वाग्मती प्रदेश अन्तर्गत सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका, दोलखाको बिगु, धादिङको खनियाबास र गल्छी गाउँपालिकाले बजेट ल्याएका छैनन्।काठमाडौंमहानगरपालिकाले यसअघि नै बजेट प्रस्तुत गरिसकेको भएपनि मन्त्रालयको विवरणमा उल्लेख नभएको देखिन्छ ।

लुम्बिनी प्रदेशको नवलपरासीको पाल्हीनन्दन गाउँपालिका र प्रतापपुर गाउँपालिका, रुपन्देहीको कोटहीमाई गाउँपालिका र सम्मरीमाई गाउँपालिका, कपिलवस्तुको शुद्धोधन गाउँपालिका, दाङको तुल्सीपुर उपमहानगरपालिका र लहमी नगरपालिकाको बजेट सार्वजनिक भएको छैन ।

कर्णालीप्रदेशको सल्यान जिल्लाको कुमाख, छत्रेश्वरी र दार्मा गाउँपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ । यस्तै, सुदूरुपश्चिम प्रदेशको टिकापुर नगरपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ ।

संवैधानिक व्यवस्थाअनुसार हरेक बर्षको जेठ १५ गते संघीय सरकारले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत हुन्छ । यस्तै, असार १ गते प्रदेश सरकारको र असार १० गते स्थानीय तहले बजेट प्रस्तुत गर्ने व्यवस्था छ ।रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : नयाँ काम धन्दामा लगानी गर्न मन लाग्नेछ । स्वास्थ्य राम्रो रहन्छ ।
वृष : आफन्तै व्यक्तिहरुसंग झगडा पर्न सक्नेछ ।
मिथुन : आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन ।
कर्कट : लाभका मौकाहरु उपयोग गर्न सके राम्रा छन् ।
सिंह : समयमा खान नपाइने अथवा अगातिलो खाना सेवन गर्नुपर्ला ।
कन्या : सोचेका कामहरुमा भने कुनै न कुनै प्रकारको झन्झट र झमेला देखापर्ने छ।
तुला : इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा सहभागी हुन पाइनेछ ।
वृश्चिक : कुनैपनि शैक्षिक क्षेत्रमा लगानी आज गर्नुभयो भने राम्रो हुनेछ ।
धनु : खाना नपच्ने, कुनै व्यक्तिसंग झगडा पर्ने जताबाट पनि नोक्सान मात्रै पर्नेछ ।
मकर : सर्तक रही कार्य गर्नुहोला ।
कुम्भ: आर्थिक दृष्टिकोणले उपयोगी बित्नेछ।
मीन : आफ्नो काममा आफ्नै व्यक्तिहरुले बाधा पार्नेछन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको तारापुरमा बाँसको ठुटोमा बसेको ठेउवा चरा । यस चरालाई अङ्ग्रेजीमा इन्डीयन रोलर भनिन्छ । यो चरा खुला मैदान, खेतवारी, पातलो वन क्षेत्रमा पाईन्छ । स्थानीयले यस चरालाई कन्ठेवा भन्ने गर्दछन् । *तस्बिर : रासस*

# पचास जना कर्मचारी सम्मानित

काठमाण्डु । निजामती कर्मचारी दिवसको अवसरमा चन्द्रलोक प्रतिष्ठानले निजामती कर्मचारीलाई सम्मान गरेको छ । प्रतिष्ठानले यहाँ शनिबार सम्मान कार्यक्रम आयोजना गरी सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा विद्युत् विकास विभागका सिनियर डिभिजनल इञ्जिनियर उपसचिव बद्री कुइँकेल, चन्द्रागिरि नगरपालिकाका शिक्षा निर्देशक सुजनराज खनाल र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी उपसचिव निर्मला थापा रहनुभएको छ ।

त्यसैगरी उपसचिव तेजराज शर्मा, यातायात व्यवस्था विभागका प्राविधिक निर्देशक श्रीकान्त यादव, भन्सार जाँचपास कार्यालय त्रिपुरेश्वरका प्रमुख भन्सार परीक्षक नवराज पन्थी र कान्ति बाल अस्पताल महाराजगञ्ज काठमाडौँका उपसचिव रामबन्धु शर्मा पनि सम्मानित हुनुभयो ।



मालपोत कार्यालय साँखुका प्रमुख मालपोत अधिकृत (उपसचिव) कुमारबहादुर खड्का, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवा रुपन्देहीका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत अनुप हलवाई, बूढानीलकण्ठ नगरपालिकाका उपनिर्देशक गोपालप्रसाद पोखरेल, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका उपसचिव वीरबल अधिकारी, राष्ट्रिय परिक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा-१०, सानोठिमी भक्तपुरका उपनिर्देशक तारानाथ निरौला, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय दोलखाका सिनियर डिभिजनल इञ्जिनियर (उपसचिव) रुपेश महत र डिभिजन वन कार्यालय सुनसरीका डिभिजनल वन अधिकृत खुद्रस मिर्या सम्मानित हुनुभयो ।

त्यसैगरी प्रदेश ऊर्जा कार्यालय लुम्बिनी प्रदेश भालुबाङ, दाङका प्रमुख झलकबहादुर थापा, अर्थ मन्त्रालयका शाखा अधिकृत रामप्रसाद रेग्मी, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र हरिहरभवन ललितपुरकी परीक्षक कमला घिमिरे, राजस्व अनुसन्धान विभाग हरिहरभवन ललितपुरका शाखा अधिकृत तीर्थराज पासवान, नापी कार्यालय साँखुका अधिकृत भानुभक्त भट्ट, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना धनुषाका इञ्जिनियर रुपनारायण यादव, डिभिजन वन कार्यालय धनुषाका अधिकृत नागेश्वरप्रसाद यादव र डिभिजन वन कार्यालय पर्साका वन अधिकृत मोहमद आरिफ हुसैनलगायतका निजामती कर्मचारी सम्मानित हुनुभएको छ ।

कार्यक्रमका प्रमुख अतिथि एवं पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले ती सबै कर्मचारीलाई सम्मान गर्नुभएको थियो ।रासस

# उद्योग मन्त्रालयको जग्गामा बहुउद्देश्यीय परियोजना निर्माण गर्नुपर्ने स्थानीयको माग

भक्तपुर । सूर्यविनायक नगरपालिकाले जगातीस्थित भक्तपुर ईँटा तथा टायल उद्योग रहेको उद्योग मन्त्रालयको २५० रोपनी जग्गामा बहुउद्देश्यीय परियोजना निर्माण गर्नुपर्ने स्थानीयले माग गरेका छन् । उक्त जग्गामा अन्तरराष्ट्रिय मापदण्डअनुसारको अत्याधुनिक रङ्गशाला निर्माण प्रक्रिया अगाडि बढाइएको सहमतिपत्रसम्बन्धी स्थानीयले असहमति जनाउँदै यहाँ बहुउद्देश्यीय परियोजना निर्माण गर्नुपर्ने माग गरेका हुन् ।

शनिबार सूर्यविनायक नगरपालिका-८ जगातीमा स्थानीयको बृहत् भेलाले स्थानीयसँग कुनै सरोकार नराखी नगरपालिकाले एकलौटी रूपमा निर्णय गरेर एन्फालाई जग्गा उपलब्ध गराउने सन्दर्भमा गरेको सिफारिसमा असशमति जनाएका हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको पहल र अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को प्रस्तावमा नगरपालिकाले रङ्गशाला निर्माणको प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति दिएसँगै उक्त जग्गामा रङ्गशाला निर्माण हुने विषय चर्चामा आएको छ ।

सङ्घीय सरकारअन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा रहेको २५० रोपनी जग्गामा चिनियाँ सरकारद्वारा निर्मित चाइनिज ईँटा तथा टायल कारखाना सरकारले निजीकरण गरेपछि विगत २० वर्षदेखि भक्तपुर ईँटा तथा टायल कारखाना सञ्चालन हुँदै आएको थियो ।

मन्त्रालयले कारखानालाई ईँटा तथा टायल उद्योग सञ्चालनका लागि सम्झौता नविकरण नगरे बन्द हुने जनाएपछि उक्त जग्गामा विभिन्न निकायले बहुउद्देश्यीय परियोजनासहित संरचना निर्माणका लागि माग गर्दै आएका छन् ।




उक्त जग्गामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का पोलिटब्यूरो सदस्य एवं पूर्वउद्योगमन्त्री महेश बस्नेतले भक्तपुर जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालयलगायत सम्पूर्ण सरकारी कार्यालय एउटै ठाउँमा राख्नुपर्ने प्रस्ताव आफू मन्त्री हुँदा अगाडि बढाउनुभएको थियो ।

त्यसपछि सहिद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रले पनि उक्त जग्गामा अस्पताल भवन बनाउन माग गरेको थियो भने नेपाल मजदुर किसान पार्टी र भक्तपुर नगरपालिकाले ख्वपः विश्व विद्यालयको भवन निर्माणका लागि सो जग्गा माग गर्दै आएको छ ।

यसबारे नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले केहीदिन अघि प्रतिनिधिसभामा उक्त जग्गा ख्वपः विश्व विद्यालय निर्माणका लागि उपलब्ध गराउन माग गर्नुभएको थियो । यता स्थानीयवासीले भने मानव बस्तीको बीचमा रङ्गशाला बनाउँदा समस्या आउने भन्दै बहुउद्देश्ययी भवनसहितको संरचना बनाउन माग गरेका छन् ।

शनिबार यहाँ बहुउद्देश्यीय परियोजना निर्माण समन्वय समितिद्वारा आयोजित छलफलमा समितिका अध्यक्ष नविन प्रजापतिले स्थानीयसँग समन्वय, सहकार्यबिना कुनै सुझाव नलिई रङ्गशालाका लागि प्रस्ताव अगाडि बढाइनु दुःखद् भएको भन्दै स्थानीयसँग समन्वय गर्न सरोकार भएका निकायलाई आग्रह गर्नुभयो ।

उहाँले विगत पाँच वर्षदेखि यस जग्गामा बहुउद्देश्यीय बृहत् परियोजना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी प्रधानमन्त्री केपी शर्मा ओली, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल, उद्योग मन्त्रालयका मन्त्री र मन्त्रालयमा पत्र बुझाइसकिएको जनाउँदै अहिले रङ्गशाला निर्माणको विषयले स्थानीयलाई तरङ्गित बनाएको बताउनुभयो ।

अध्यक्ष प्रजापतिले भन्नुभयो, "हामी रङ्गशालाको विरोधी होइनौँ, तर स्थानीयवासीसँग सरोकार राख्नुपर्छ भन्ने हो । रङ्गशाला अलिभित्रको जग्गामा पनि बनाउन सकिन्छ । यहाँ भारतको गान्धी पार्कमा जस्तो संरचना निर्माण माग गर्दै आएका छौँ । त्यसलाई बेवास्ता गर्नु हुँदैन ।"

समन्वय समितिले जमिनको सतहभन्दा मुनीको भागमा तीनतले 'अण्डरग्राउण्ड पार्किङ्ग'सहितको पूर्वबाट आउने सम्पूर्ण यातायातका साधनका लागि बसपार्क निर्माण गर्नुपर्ने, इभी सवारीका लागि ठूलो चार्जिङ्ग स्टेसन बनाउनु पर्ने, अन्तरराष्ट्रियस्तरको सभाहल निर्माण गरिनुपर्ने, अन्तरराष्ट्रियस्तरको व्यावसायिक प्रर्दशनीस्थल निर्माण गरिनु पर्ने, सूर्यविनायक नगर अस्पतालको क्षमता वृद्धि गरी ट्रमा सेन्टर बनाइनु पर्ने, भक्तपुरका सम्पूर्ण सरकारी कार्यालय यहाँ राखिनुपर्ने, भारतको नयाँ दिल्लीस्थित गान्धी चोकको पालिकाबजारजस्तै व्यवस्थित बजार बनाइनु पर्ने, व्यवस्थित होटल तथा लज, पौडी पोखरीलगायत संरचना एउटै ठाउँमा निमाण गरिनुपर्ने माग राखेको छ ।

शनिबारको छलफलमा जगाती आदर्श टोल विकास संस्था, सिपाडोल बृहत् खानेपानी उपभोक्ता उपसमिति-१, डाँगाचा टोल सुधार समाज, सिम्रिक टोल सुधार समिति, चोलिङग गणेश टोल सुधार समिति, तौडोल छाप खानेपानी उपभोक्ता समिति, डाँगाचा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले संयुक्त रूपमा ती माग राखेका छन् ।

छलफलमा डाँगाचा उपभोक्ता समितिका अध्यक्ष प्रेमबहादुर माक, सिपाडोल बृहत् खानेपानी उपभोक्ता उपसमिति-१ का अध्यक्ष तुलसीनारायण लाखेमरु, स्थानीय सिद्धिराम त्यातलगायतले समितिले प्रस्ताव गरेको डिपिआरलाई सम्बोधन गर्दै अगाडि बढेमा रङ्गशाला निर्माणमा स्थानीयले सहयोग गर्ने बताउनुभयो । यसअघि सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले एन्फाका महासचिव किरण राईलाई उक्त जग्गामा रङ्गशाला निर्माणका लागि औपचारिक रूपमा प्रस्ताव हस्तान्तरण गरिसक्नुभएको छ ।रासस

# फरक मत भए समूहगत छलफलमा राख्न अध्यक्ष ओलीको आग्रह




ललितपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को दोस्रो विधान महाधिवेशनको बन्दसत्रमा प्रस्तुत विधान संशोधनको प्रस्तावमाथि फरक मत वा असहमति भएमा समूहगत छलफलमा राख्न पार्टीका अध्यक्ष केपी शर्मा ओलीले आग्रह गर्नुभएको छ ।

बन्दसत्रमा प्रस्तुत प्रस्ताव र प्रतिवदेनमाथि समूह विभाजन हुन लाग्दा स्थायी कमिटीका सदस्य कर्णबहादुर थापाले बोल्न खोज्दा अध्यक्ष ओलीले समय व्यवस्थापनका लागि समूहमै आफ्ना कुरा राख्न आग्रह गर्नुभएको हो । अध्यक्ष ओलीले थापाको मूल प्रतिवेदनमा कुनै फरक मत नरहेको र विधान संशोधनको प्रस्तावमा समूहमै छलफल गर्न सकिने उल्लेख गर्दै हलमा अन्य प्रतिनिधले पनि बोल्न चाहेमा समय दिने नदिने भन्ने प्रश्न आउने भएकाले समूहमा गहन छलफल गर्न सबैमा आग्रह गर्नुभयो ।

उक्त आग्रहप्रति हलमा तालीको समर्थन गरिएको थियो । अध्यक्ष ओलीसँग सहमति लिएर नेता थापाले आफ्ना मतहरु पर्चामार्फत् शुक्रबार हलमा वितरण गर्नुभएको थियो । शुक्रबारदेखि सुरु भएको विधान महाधिवेशनको पहिलो दिन अध्यक्ष एवं प्रधानमन्त्री ओलीले राजनीतिक प्रस्ताव, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव, महासचिव शङ्कर पोखरेलले सङ्गठनात्मक प्रस्ताव र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहराले आफ्ना दस्तवेज प्रस्तुत गर्नुभएको थियो ।

दोस्रो दिन शनिबार केन्द्रीय निर्वाचन आयोग अध्यक्ष डा विजय सुब्बा, लेखा आयोग अध्यक्ष डा पुष्प कँडेल र अनुशासन आयोग अध्यक्ष केशव वडालले आफ्ना प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । ती सबै प्रतिवेदनमा छलफल गर्नका लागि गठित दश समूहले आज दिनभर छलफल गर्नेछन् ।

समूहको टोली नेताबाट हलमा हुने प्रस्तुतिका समयमा बहस नोटका लागि सचिव लेखराज भट्टको संयोजकत्वमा कमिटी बनाइएको छ। महाधिवेशन आइतबार सम्पन्न हुनेछ ।रासस

# लुम्बिनी भ्रमणमा भारतीय प्रधानन्यायाधीश गवई

लुम्बिनी । भारतका प्रधानन्यायाधीश भुषण रामकृष्ण गवईले शनिबार भगवान् गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको भ्रमण गर्नुभएको छ ।

न्यायपालिकाको सर्वोच्च जिम्मेवारी सम्हालेपछि उहाँको यो पहिलो नेपाल यात्रा हो भने लुम्बिनी आगमनलाई उहाँले विशेष आध्यात्मिक अवसरका रूपमा लिनुभएको छ । गवईलाई लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्हारक्याल लामा (खेन्पो छिमे छिरिङ), सदस्य-सचिव सानुराजा शाक्य, कार्यकारी सदस्य श्याम रोक्का, वरिष्ठ प्रशासन प्रमुख ज्ञानिन राईसहित कोषका अधिकारी तथा कर्मचारीहरूले स्वागत गरेका थिए ।

भ्रमणका क्रममा गवईले लुम्बिनी क्षेत्रको ऐतिहासिक तथा धार्मिक महत्वबारे जानकारी लिनुभयो । उहाँले मायादेवी मन्दिर परिसरमा पुगेर बुद्ध जन्मस्थल अवलोकन गर्दै सूत्रपाठ गर्नुभयो । साथै विश्व शान्ति, मानव कल्याण, नेपालको प्रगति र भारत-नेपालबीचको मैत्रीपूर्ण सम्बन्ध अझ प्रगाढ होस् भन्ने कामना गर्दै दियो प्रज्वलनसमेत गर्नुभयो ।



लुम्बिनी भ्रमणपछि गवईले लुम्बिनी विकास कोषका पदाधिकारीहरूसँग गुरुयोजना र हाल सञ्चालनमा रहेका विकास-निर्माणका गतिविधिबारे चासो देखाउनुभयो । उहाँले लुम्बिनीलाई अन्तरराष्ट्रियस्तरमा थप प्रचारप्रसार गर्न नेपालले गरेको प्रयासको प्रशंसा गर्नुभयो । यस क्षेत्रमा भारतको सहकार्य निरन्तर रहने विश्वास उहाँले व्यक्त गर्नुभयो। प्रधानन्यायाधीश गवईलाई कोषका उपाध्यक्ष लामाले बुद्धको मूर्ति उपहार प्रदान गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल र भारतका न्यायाधीश तथा विधिवेत्ताबीच आपसी अनुभव आदानप्रदान, न्याय क्षेत्रका चुनौती तथा सम्भावनाबारेसमेत छलफल गरिएको थियो । प्रधान न्यायाधीश गवईको यस भ्रमणले लुम्बिनीमार्फत नेपालको पर्यटन, सांस्कृतिक र धार्मिक महत्त्व अझै उच्चस्तरमा पुग्ने विश्वास लिएको लुम्बिनी विकास कोषले जनाएको छ ।रासस

# व्यक्तिको गल्ती पार्टीले जिम्मा लिँदैन: महामन्त्री थापा

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कुनै पनि पार्टी गलत नहुने बरु पार्टीमा आबद्ध व्यक्ति गलत हुने बताउनुभएको छ ।

शनिबार नेपाली कांग्रेस, काठमाडौँ महानगर-३० कार्यसमितिले आयोजना गरेको 'बिपीको विचार र वर्तमान नेपालको राजनीति' विषयक कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै उहाँले कांग्रेसभित्र शुद्धीकरण आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कांग्रेस स्थापनाकालदेखिकै राष्ट्रिय पार्टी हो । व्यक्तिले गरेका गल्ती पार्टीले भोग्दैन र जिम्मा लिँदैन, जस्ले गल्ती गर्छ त्यसैले भोग्नु पर्छ ।"

यसैगरी, महामन्त्री थापाले बिपीको विचार आज पनि उत्तिकै सान्दर्भिक रहेकाले बिपीलाई सम्झिनुपर्ने अवस्था भएको उल्लेख गर्नुभयो । उहाँले बिपीको सिद्धान्तअनुसार पार्टी र अग्रज नेताहरुले काम गर्नुपर्नेमा जोड दिनुभयो ।उहाँले भन्नुभयो, "कांग्रेस डर र लोभबाट मुक्त हुनुपर्छ । कांग्रेस सरकारमा रहनु नहरनु ठूलो कुरो होइन । हामी चुनावमा हार्छौं कि भन्ने डरले गठबन्धन गरेर अर्काको चुनाव चिह्नमा भोट हाल्ने सहमति गर्नुपर्ने लोभबाट बाहिर निस्किनुपर्छ ।"




कार्यक्रममा नेपाली कांग्रेस काठमाडौँ महानगर-३० कार्यसमितिका सभापति दलबहादुर कार्की, काठमाडौँ-४ प्रदेश 'क' का सभापति विमलकुमार होडालगायत नेताहरूले बिपीको योगदान र वर्तमान राजनीतिक अवस्थाबारे आफ्ना विचार राख्नुभएको थियो ।रासस

# चाडपर्वले समृद्ध राष्ट्र निर्माणमा प्रेरित गर्नेछ : उपराष्ट्रपति यादव




काठमाण्डु।उपराष्ट्रपति रामसहायप्रसाद यादवले कुमारी इन्द्रजात्रा र अनन्त चतुर्दशी (अनवत) पर्वका अवसरमा शुभकामनादिनुभएको छ । उहाँले यस पर्वले नेपाली समाजमा आध्यात्मिक चेतना, नैतिकता तथा राष्ट्रिय एकताको भावना सुदृढ गर्दै समृद्ध राष्ट्र निर्माणमा सबैलाई प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

कुमारी इन्द्रजात्रा र अनन्त चतुर्दशी (अनवत) पर्व, २०८२ को पावन अवसरमा शनिबार शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभएको छ, "यी जात्रा र पर्वहरू भूगोल, क्षेत्र, समुदाय तथा परम्परागत नामअनुसार फरकफरक शैली र नामले मनाइए पनि सबैको साझा उद्देश्य हाम्रो राष्ट्रियता, अखण्डता, पारस्परिक प्रेम, भ्रातृत्व, सौहार्द, सहयोग र एकताको भावना विकास गर्नु हो ।"

जीवित कुमारीको पूजा तथा रथयात्रा, लिङ्गो ठड्याउने परम्परा, भैरव नाच, गणेश नाचलगायत सांस्कृतिक प्रस्तुतिले नेपाली सभ्यता र परम्पराको मौलिकपहिचानलाई उजागर गर्दै राष्ट्रिय एकताको सन्देश फैलाउनुपर्ने उहाँको भनाइ छ ।

'जीवित देवी' कुमारीलाई शक्ति र पवित्रताको प्रतीक मानिन्छ । इन्द्रजात्राका अवसरमा निकालिने रथयात्राले समाजमा धार्मिक आस्था र विश्वासलाई बलियो बनाउँदछ । इन्द्रजात्रा पर्वले आन्तरिक र बाह्य पर्यटनलाई पनि बढावा दिने र जसले देशको अर्थतन्त्रलाई सहयोग पु-याउने उपराष्ट्र यादवको भनाइ छ । विशेषतः तराई-मधेसमा शनिबारकै दिन अनन्त चतुर्दशी (अनवत) पर्व मनाउने परम्परा रहिआएको छ । यो पर्व देवी लक्ष्मी तथा भगवान् विष्णुको पूजाआर्चना गर्दै मनाइने धार्मिक अनुष्ठान हो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जग्गाको अधिकारः चुनौती र समाधान

नेपाली कांग्रेस मधेश प्रदेश समितिले भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि सरकारले जारी गरेको सूचनाबारे व्याप्त अनभिज्ञताप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ । यो चिन्ता जायज छ । किनभने मधेश प्रदेशमा यस समस्याले ठूलो जनसंख्यालाई प्रत्यक्ष असर पारेको छ । सरकारले भूमि आयोगमार्फत सुकुम्बासीहरूलाई जग्गा उपलब्ध गराउन आवेदन आह्वान गरेको छ । तर, ९० भन्दा बढी स्थानीय तहका जनप्रतिनिधिहरू नै यस सूचनाबाट अनभिज्ञ हुनुले सरकारी संयन्त्रको कमजोर सूचना प्रवाह प्रणाली उजागर गरेको छ। मधेश प्रदेशमा भूमिहीनताको समस्या अन्य प्रदेशभन्दा विकराल छ। गरिब, दलित र सीमान्तकृत समुदायको ठूलो हिस्सासँग आफ्नो भन्नु कुनै जग्गा छैन। यस अवस्थामा सरकारले दिएको यो अवसर उनीहरूका लागि जीवन बदल्ने एउटा महत्त्वपूर्ण मौका हो । तर, सूचनाको अभावमा धेरै योग्य व्यक्तिहरू यो अवसरबाट वञ्चित हुने जोखिम बढेको छ । यसैले, नेपाली कांग्रेसले यस विषयलाई गम्भीरतापूर्वक लिएर जनचेतनामूलक अभियान चलाउने निर्णय गरेको छ। यो कदम स्वागतयोग्य छ र यसले पार्टीको सामाजिक प्रतिबद्धता झल्काउँछ। हरेक वडा र टोलमा नेता तथा जनप्रतिनिधिमार्फत यो सूचना पुऱ्याउने अभियान शुरु गरेको छ। यस अभियानको मुख्य लक्ष्य कुनै पनि योग्य व्यक्ति भूमि अधिकारबाट वञ्चित नहोस् भन्ने सुनिश्चित गर्नु हो । यो अभियानले सुकुम्बासी, भूमिहीन र अव्यवस्थित बसोबासीहरूलाई समयमै निवेदन दर्ता गर्न र आवश्यक सहयोग पाउन मद्दत गर्नेछ । यसका साथै यस पहलले वनजंगल अतिक्रमणजस्ता समस्यालाई पनि सम्बोधन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। किनकि जग्गाको स्थायी समाधानले अनधिकृत बसोबासको प्रवृत्तिलाई निरुत्साहित गर्छ। यो अभियान केवल सूचना प्रवाहमा मात्र सीमित हुनु हुँदैन । यसलाई अझ प्रभावकारी बनाउनका लागि केही महत्वपूर्ण कदम चाल्न सकिन्छ। स्थानीय तहसँग सहकार्यका लागि यस अभियानलाई थप प्रभावकारी बनाउन पार्टीले स्थानीय सरकारसँग समन्वय गरेर सूचना बोर्ड, रेडियो, टेलिभिजन र सामाजिक सञ्जालजस्ता माध्यमको उपयोग गर्न पनि आवश्यक देखिन्छ। भूमिहीनलागतयकाहरुका लागि आवेदन प्रक्रिया जटिल हुन सक्ने भएकाले स्वयंसेवकहरूलाई तालिम दिएर लक्षित वर्गलाई निवेदन भर्न सहयोग पुऱ्याउन सकिन्छ। यसको दीर्घकालीन समाधानका लागि केवल एक पटकको अभियानमा मात्रै नअल्झिइ, भूमिहीनताको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्नका लागि सरकारलाई भूमि सुधारसम्बन्धी नीतिहरूमा सुधार गर्न निरन्तर दबाब दिनुपर्छ। त्यसैले कांग्रेसले चालेको यो अभियानले मधेश प्रदेशका भूमिहीन र सुकुम्बासीहरूको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

# सामाजिक सञ्जाल मनोरञ्जनको माध्यम मात्र होईन अन्यायको विरोध गर्ने ठाउँ पनि हो



प्रेमचन्द्र झा

नेपालमा पछिल्ला केही वर्षयता अभिव्यक्ति स्वतन्त्रतामाथि विविध बहानामा बारम्बार हस्तक्षेप हुँदै आएको छ। राष्ट्रियताको नाममा, सामाजिक सद्भावको रक्षा गर्ने बहानामा, वा झूटा सूचना नियन्त्रण गर्ने नाउँमा सरकारले विभिन्न चरणमा सामाजिक सञ्जाल प्रतिबन्ध गर्ने वा नियन्त्रण गर्ने निर्णयहरू गर्दै आएको छ। यो घटनाक्रम यत्तिको सामान्य छैन, जसलाई केवल इन्टरनेट सेवा अवरुद्ध गरियो भनेर टार्न सकिन्छ। यसको गहिरो प्रभाव लोकतान्त्रिक मूल्य र नागरिक स्वतन्त्रतामाथि पर्छ। अभिव्यक्ति स्वतन्त्रताको हनन कुनै अल्पकालीन नीतिगत निर्णय होइन; यो लोकतन्त्रको मेरुदण्डमाथि प्रहार हो। अझ चिन्ताजनक कुरा त के हो भने यस्ता कदमहरूमा सरकार एक्लो छैन–लोकतन्त्रको ऐतिहासिक यात्रामा महत्वपूर्ण भूमिका खेलेका राजनीतिक दलहरू समेत यस्ता कार्यहरूमा मौन साथ दिइरहेका छन्।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वतन्त्र रूपमा विचार व्यक्त गर्ने, सूचना प्राप्त गर्ने र स्वतन्त्र प्रेसको माध्यमबाट राज्यको निगरानी गर्ने अधिकार दिएको छ। तर, जब सामाजिक सञ्जालजस्ता खुला माध्यमहरू बन्द गरिन्छन्, तब यी अधिकारहरू केवल कागजमा सीमित हुने खतरा उत्पन्न हुन्छ। सरकारको भनाइ छ–सामाजिक सञ्जालबाट नकारात्मक प्रभावहरू फैलिन सक्छन्, सामाजिक सद्भाव बिग्रन सक्छ, वा राष्ट्रियतामाथि चोट पुग्न सक्छ। तर यस्ता तर्कहरू केवल आवरण हुन्। यथार्थमा, सामाजिक सञ्जाल सरकारका लागि असहज प्रश्न उठाउने, आलोचना गर्ने, र सत्ताको जवाफदेहिता माग्ने आवाजहरूका लागि सशक्त माध्यम बनिसकेको छ। यसैले, यस्ता माध्यमहरू बन्द गर्दा सरकारलाई स्वतन्त्रतावादी भन्दा बढी नियन्त्रणवादी, अर्थात् निरंकुश देखिन्छ।

जब कुनै सामाजिक सञ्जाल बन्द गरिन्छ, त्यसको प्रत्यक्ष प्रभाव सर्वसाधारण नागरिकहरूमा पर्छ। नेपालजस्तो देशमा जहाँ औपचारिक मिडिया संस्थाहरू पनि राजनीतिक आस्थाले विभाजित छन्, त्यहाँ वैकल्पिक माध्यम–जसले नागरिकका वास्तविक पीडा, असन्तुष्टि र आवाजलाई स्थान दिन सक्छ–सामाजिक सञ्जालहरू नै हुन्। युट्युबमा जनताको आफ्नै शैलीमा भनिएका कथा, टिकटकमा बनाइएका आलोचनात्मक सन्देश, वा फेसबुकमा व्यक्त गरिएको असहमति–यी सबै अभिव्यक्तिको नयाँ युगका संकेत हुन्। तर जब सरकार ती सबै माध्यम बन्द गर्छ, त्यसले जनतामा डरको वातावरण सिर्जना गर्छ। नागरिकहरू बोल्न डराउँछन्, किनभने उनीहरूलाई थाहा छ–सरकार हेरेर बसेको छ।

अभिव्यक्तिको स्वतन्त्रता केवल राजनीतिक भाषणको कुरा होइन, यो सामाजिक न्यायको मेरुदण्ड पनि हो। एउटा शिक्षिका जब युट्युबमा भाषा पढाउँछिन्, एउटा युवा जब फेसबुकमार्फत घरमै बनाएको खाना बेच्न खोज्छ, वा एउटा ब्लगर जब सडकको भ्रष्टाचार उजागर गर्छ–तिनीहरू सबै आफ्नो जीविकासँगसँगै समाजमा योगदान दिइरहेका हुन्छन्। तर यस्ता प्लेटफर्महरू बन्द हुँदा तिनीहरूको जीवनयापनमा गम्भीर असर पर्छ। साना व्यवसायी, होम-मेकरहरू, अनलाइन स्टोर चलाउनेहरू, डिजिटली प्रशिक्षित युवाहरू–सबैको भविष्य अनिश्चित बन्द हुँदै जान्छ।

अझै गम्भीर कुरा के छ भने, यस्ता निर्णयहरू सरकारले अचानक लिन्छ। बिना पूर्वसूचना, बिना सार्वजनिक संवाद, र प्रायः बिना कानुनी प्रक्रिया, केवल कुनै न कुनै आन्तरिक निकायको सिफारिसमा निर्णय हुन्छ। यस्तो निर्णय प्रक्रियाले कानुनी राज्यको सिद्धान्तमाथि पनि प्रश्न उठाउँछ। यदि एउटा सरकारले नागरिकसँग संवाद नगरी, प्रत्यक्ष सरोकारका निर्णय अचानक लिनु दःखद हो।

अहिले यस्ता निर्णयहरू सरकारबाट आउँछन् भने पनि त्यसमा सत्ता साझेदार बनेका दलहरूको मौनता झनै दुःखद छ। नेपाली कांग्रेस, जसले दशकौँसम्म अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार र प्रजातन्त्रको लागि लडाइँ गरेको इतिहास बोकेको छ, आज सत्ता स्वार्थका कारण मौन छ। संसदमा यस्ता कार्यहरूको विरोध गर्ने आवाज उठ्दैन, सडकमा जनताको पक्षमा उभिने नेतृत्व देखिँदैन। यस्ता कार्यहरूमा मौन बसेको राजनीतिक दलले लोकतन्त्रको संरक्षण गर्न सक्छ भन्ने विश्वास जनताले राख्न सक्दैनन्। जब जनताले विश्वास गुमाउँछन्, तब विकल्प खोज्न थाल्छन्। तर विकल्प पनि त्यस्तै भएपछि लोकतन्त्रप्रति नै वितृष्णा बढ्छ, जुन लोकतन्त्रको दीर्घकालीन स्वास्थ्यका लागि घातक हुन्छ।

केवल राजनीतिक रूपमा होइन, यस्ता कार्यहरूले समाजमा विभाजन पनि उत्पन्न गर्छ। एकातर्फ, राज्यद्वारा समर्थित सन्देश मात्र बाहिर आउँछ। अर्कातर्फ, असन्तुष्ट जनताको आवाज बन्द कोठाभित्र सीमित रहन्छ। यस्तो असन्तुलनले समाजमा गहिरो तनाव र हिंसात्मक प्रतिक्रिया जन्माउन सक्छ। जब कुनै माध्यम बन्द हुन्छ, जनताले वैकल्पिक (वा अघोषित) माध्यम रोज्न थाल्छन्, जसले अझ जोखिम बढाउँछ। उदाहरणका लागि,




प्रतिबन्धित सामाजिक सञ्जालको सट्टा खएल प्रयोग गर्न थालिन्छ, जसले डेटा सुरक्षामा खतरा उत्पन्न गर्छ, र राज्यको नियन्त्रण अझ खतरनाक प्रविधिमा जान सक्छ।

कानुनी हिसाबले पनि हेर्ने हो भने, नेपालको संविधानले नागरिकलाई प्राप्त मौलिक अधिकार बिना तर्क, सूचना वा न्यायिक समीक्षाविना निलम्बन गर्न सकिँदैन भनी स्पष्ट रूपमा व्याख्या गरेको छ। तर यस्ता सामाजिक सञ्जाल बन्द गर्ने निर्णयहरू कुनै कानुनी प्रक्रियाअनुरूप गरिएको देखिँदैन।

अहिलेको सरकारमाथि बारम्बार निरंकुशतामा उन्मुख भएको आरोप लागिरहेको छ। संविधानको रक्षा गर्नु पर्ने संस्थाहरू आफैंले संवैधानिक अधिकार सीमित गरिरहेका छन्। आलोचना उठाउनेलाई कारबाही गर्ने, सामाजिक सञ्जालमा सरकारविरुद्ध बोल्नेहरूमाथि निगरानी राख्ने, र सूचना प्रवाह रोक्ने कामहरू बढ्दै छन्। कतिपय पत्रकारहरूले सामाजिक सञ्जालमा राखेको टिप्पणीका लागि थुना भोग्नुपरेको छ। नागरिकले फेसबुक स्टेटस लेखेको आधारमा उजुरी परेका छन्। यस्ता गतिविधिहरू लोकतान्त्रिक अभ्यास नभई प्रहरी राज्यको संकेत हुन्।

सामाजिक सञ्जालहरू लोकतन्त्रका लागि चुनौतीपूर्ण त हुन्, तर त्यहाँ झूठा सूचना, घृणा भाषण वा विकृति भएको भन्दै बन्द गर्नु समाधान होइन। राज्यको कर्तव्य नियन्त्रण होइन, व्यवस्थापन हो। डिजिटल साक्षरताको अभाव, तथ्य-जाँचको कमजोर संरचना, नियमन नीतिको अस्पष्टता–यी सबैको सुधार गरेर नागरिकलाई सचेत बनाउनु दीर्घकालीन उपाय हो। सस्तो लोकप्रियताको लागि प्रतिबन्ध लगाउने प्रवृत्तिले लोकतन्त्रलाई कमसल बनाउँछ, सशक्त होइन।

अब प्रश्न उठ्छ–यस्तो अवस्थाबाट कसरी बाहिर निस्कने? उत्तर भनेको सक्रिय नागरिक चेतना, पेशागत संस्थाहरूको प्रतिरोध र वैधानिक संस्थाहरूको जवाफदेहिता हो। पत्रकार महासंघले अब चुप लागेर बस्ने होइन, सक्रिय रूपमा सामाजिक सञ्जाल बन्दको विरोध गर्नुपर्छ। मानव अधिकार आयोगले घटनाको अनुसन्धान गरेर प्रतिवेदन सार्वजनिक गर्नुपर्छ। अधिवक्ताहरूले अदालतमा रिट दर्ता गरेर कानुनी लडाइँ लड्नुपर्छ। नागरिक समाजले विद्यालय, कलेज, समुदायमा कार्यक्रम गरेर अभिव्यक्ति स्वतन्त्रताको महत्वबारे जनचेतना फैलाउनु अत्यावश्यक छ। केवल काठमाण्डौमा प्रेस कन्फरेन्स गरेर होइन, देशभरका युवामा डिजिटल अधिकारको शिक्षा दिन सकियो भने लामो यात्रामा लोकतन्त्र बलियो हुनेछ।

अन्तर्राष्ट्रिय संस्थाहरूको ध्यानाकर्षण गराउनु पनि जरुरी छ। संयुक्त राष्ट्रसंघ, एम्नेस्टी इन्टरनेशनल, ह्युमन राइट्स वाचजस्ता संस्थाहरूलाई यस्ता कार्यहरूको तथ्यसहित जानकारी दिइनुपर्छ।

नेपालजस्तो विकासोन्मुख राष्ट्रमा अन्तर्राष्ट्रिय छविको प्रभाव ठूलो हुन्छ। यदि यस्ता संस्थाहरूले स्पष्ट रूपमा नेपालमा अभिव्यक्ति स्वतन्त्रताको हनन भएको भनी आफ्नो रिपोर्टहरूमा लेखे भने, त्यसले सरकारमाथि वैधानिक दबाब सिर्जना गर्न सक्छ। नेपाल सरकार अन्तर्राष्ट्रिय सहायता, अनुदान, र कूटनीतिक समर्थनमा निर्भर रहेको अवस्था छ। त्यसैले, अन्तर्राष्ट्रिय समुदायबाट आएको आलोचनावा अवलोकनले शासकवर्गलाई सोच्न बाध्य बनाउँछ।

यस्तै, स्थानीय तहमा पनि सचेतना अभियान सञ्चालन गर्नु अहिलेको आवश्यकता हो। धेरै नागरिकहरू अझै अभिव्यक्ति स्वतन्त्रता भनेको के हो भन्ने कुरा नै ठिकसँग बुझ्दैनन्। अझ डिजिटल अधिकार र इन्टरनेट स्वतन्त्रता जस्ता विषयहरू ग्रामीण क्षेत्रमा कमै मात्रामा उठान भएका छन्। सामुदायिक रेडियो, स्थानीय कलेज, विद्यालय, र सामाजिक संस्थामार्फत कार्यक्रम सञ्चालन गरी नागरिकलाई संविधानमा उल्लेखित आफ्ना अधिकारबारे जानकारी दिन सकिन्छ। जब नागरिकहरू आफ्ना अधिकारबारे सचेत हुन्छन्, तब तिनको हनन सहन तयार हुँदैनन्।

हामीले बुझ्नैपर्ने अर्को कुरा हो कि लोकतन्त्र केवल चुनावमा मत हालेर टुङ्गिने अभ्यास होइन। लोकतन्त्र भनेको निरन्तर संवाद, आलोचना, बहस, विरोध, र विकल्प खोज्ने प्रक्रिया हो। सरकार चलाउनेहरू सर्वशक्तिमान होइनन्; उनीहरू नागरिकका सेवक हुन्। त्यसैले नागरिकले प्रश्न गर्ने, आलोचना गर्ने, र उत्तर माग्न पाउने अधिकार हो। तर जब राज्य नागरिकको त्यो अधिकारमाथि अंकुश लगाउँछ, तब त्यो लोकतन्त्रको अन्त होइन भने पनि गम्भीर क्षति भने अवश्य हो।

यस्ता खालका गतिविधिहरू – जस्तै सामाजिक सञ्जाल बन्द गर्नु – प्रायः एक खालको मानसिकताबाट निर्देशित हुन्छ। त्यो मानसिकता हो–"शासन गर्न सजिलो बनाउने"; जसमा नागरिकलाई सुन्ने होइन, नियन्त्रण गर्ने प्राथमिकता हुन्छ। यस्तो सोचले नै निरंकुश शासनको जग बसाल्छ। इतिहास साक्षी छ, जब जुनसुकै मुलुकमा अभिव्यक्ति स्वतन्त्रता बन्द भयो, नागरिकले बोल्न छाडे, पत्रकारहरू जेल परे, अनि शासन गर्नेहरूले असहमति सहन छाडे–त्यो देशको पतन सुरु भयो। नेपालले यस्तो इतिहास एक पटक होइन, धेरै पटक भोगेको छ। पञ्चायतकाल, राजतन्त्रकाल वा सैन्य हस्तक्षेप–हरेक पटक पहिलो प्रहार अभिव्यक्तिमाथि नै भयो। अनि फेरि जनआन्दोलन आवश्यक पर्यो। अब फेरि त्यो इतिहास दोहोरिन नदिन हामी सबै सचेत हुनुपर्छ।

आजको समयमा, डिजिटल संसार नागरिक सशक्तीकरणको सबैभन्दा प्रभावकारी माध्यम बनेको छ। लोकतन्त्रलाई जोगाउन सामाजिक सञ्जाल आवश्यक छ। हरेक नागरिक अब पत्रकारजस्तै बनेका छन्–भ्रष्टाचार देखे मोबाइलले खिच्छन्, आवाज उठाउँछन्, एक अर्कालाई चेतावनी दिन्छन्। यसैले सामाजिक सञ्जाल बन्द गर्नु भनेको त्यो शक्ति जनताबाट खोस्ने प्रयास हो। यो लोकतन्त्रमा अक्षम्य अपराध हो।

सरकारले यदि साँच्चै जनताको हित चाहन्छ भने, तिनीहरूलाई चुप गराएर होइन, सुनेर अघि बढ्नुपर्छ। सामाजिक सञ्जालबाट हुने विकृतिहरू हटाउन नीतिगत सुधार ल्याउन सकिन्छ, डिजिटल साक्षरताको अभियान सञ्चालन गर्न सकिन्छ, गलत सूचना विरुद्धका उपकरण निर्माण गर्न सकिन्छ। तर प्लेटफर्म नै बन्द गर्नु भनेको आगो निभाउन पानी होइन, तेल खन्याउने हो।

यदि हामीले अहिले पनि चुपचाप सह्य गर्यौं भने, भोलि अरू अधिकार पनि खोसिन सक्छ–पत्रकारिताको स्वतन्त्रता, सभा-प्रदर्शनको अधिकार, वा राजनीतिक सहभागिता। अनि फेरि एकपटक नागरिकको हैसियत मतदाता मात्रमा सीमित हुनेछ, जो पाँच वर्षमा एकपटक मतदान गर्छ, अनि बाँकी समय मौन रहन बाध्य हुन्छ। यस्तो अवस्थामा लोकतन्त्रको नाम त बाँकी रहन्छ, तर आत्मा मरेको हुन्छ।

नेपालमा प्रजातान्त्रिक आन्दोलनमा लडेका लाखौँ नागरिकहरूको सपना के थियो? यस्तो राज्य जहाँ शासन जवाफदेही होस्, जनता स्वतन्त्र होऊन्, र सत्तामा बसेकाहरू आलोचना सहन तयार होऊन्। तर अहिले जति जति सूचना प्रविधिमा प्रगति हुँदैछ, उति नै राज्य शक्तिको दुरुपयोग पनि देखिँदैछ। सीसीटीभी निगरानी, डिजिटल ट्र्याकिङ, सामाजिक सञ्जाल नियन्त्रण–यी सबै प्रविधिहरू जनताको हितका लागि होइन, सत्ताको सुविधा र सुरक्षा सुनिश्चित गर्न प्रयोग गरिँदैछ।

यस्तो अवस्थामा नागरिक आवाज उठाउने ठाउँ अझै बाँकी छ भने त्यो हो–संगठित प्रतिरोध। नागरिक समाज, मिडिया, मानव अधिकारकर्मी, अधिवक्ता, युवा, शिक्षक–सबै मिलेर आवाज उठाउनुपर्ने समय यही हो। लोकतन्त्रको रक्षाका लागि आज बोल्न नसक्नेहरूले भोलि सास फेर्न पनि नपाउने अवस्था आउन सक्छ।

अब हामीसँग प्रश्न छ–के हामी फेरि त्यही निरंकुशताको युगतिर फर्कन चाहन्छौं? जहाँ एकाधिकार चल्छ, आलोचना अपराध ठहरिन्छ, र जनता 'कृपा' मा बाँच्छन्? कि हामी त्यो लोकतान्त्रिक संस्कृतिको अभ्यास गर्न चाहन्छौं जहाँ नागरिक हरेक निर्णयमा सहभागी हुन्छन्, सरकार जनताको सेवक हो र विचारको स्वतन्त्रता सर्वोपरि छ?

यो छनोट हाम्रो हो। समाजका हरेक सचेत नागरिक, विचारशील युवा, र विवेकशील नेतृत्वले यो समयको घडी बुझ्न सक्नुपर्छ। जबसम्म हामी अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न सक्दैनौं, तबसम्म हामी लोकतन्त्रको रक्षा गर्न सक्दैनौं। सरकारलाई डर लाग्छ भने सत्यबाट डर लाग्दो हो–तर जनतालाई बोल्न डर लाग्न थालेको छ भने त्यो शासनको असफलता हो।

नेपालमा लोकतन्त्र अझै नयाँ छ। यो परिपक्व हुन समय लाग्छ। तर हरेक चोट, हरेक प्रतिबन्ध, हरेक बन्देले यसलाई कमजोर बनाउँदै लैजान्छ। त्यसैले हरेक नागरिक, संस्था, र नेताको कर्तव्य हो–लोकतन्त्रको आधारभूत मूल्य जोगाउनु। अभिव्यक्ति स्वतन्त्रता कुनै विशेष वर्गको अधिकार होइन, यो सम्पूर्ण समाजको सुरक्षाको ग्यारेन्टी हो।

हामी यो बुझ्नुपर्छ–आज फेसबुक, टिकटक, युट्युब बन्द भए, भोलि रेडियो, टेलिभिजन, अनि अखबार पनि बन्द हुन सक्छन्। आज पत्रकार पक्राउ परे, भोलि शिक्षक, कलाकार, विद्यार्थी सबैको पालो आउन सक्छ। अनि भोलि फेरि जनआन्दोलन आवश्यक पर्छ। त्यसैले आन्दोलन गर्नुअघि सचेत हुन आवश्यक छ। हरेक आवाजले लोकतन्त्रको संरक्षण गर्छ। बोलौं, उठौं, लेखौं–ताकि हामी फेरि एकपटक बन्दी होइन, स्वतन्त्र नागरिकको रूपमा बाँच्छौं।

# "उदारीकरण र संरक्षणबीच भारतको भन्सार नीति : सन्तुलनको खोजी"



डा मोहन कुमार

भारतको भन्सार नितिबारे केहि हउवाहरु फिजाइएको छ ।जसलाई स्पष्ट पादै भारतका राजदुत समेत रहेका डा मोहन कुमारले भारतको भन्सारनितिबारे एउटा लेख प्रशाशित गर्नुभएको छ ।त्यसैमा आधारित भारतका भन्सार नीतिसम्बन्धी भ्रम, तथ्यांक, अन्तर ाष्ट्रिय तुलना, र रणनीतिक कारणहरूलाई व्यवस्थित गरेर यो लेख प्रस्तुत गरिएको छ ।

विश्व व्यापार, लगानी र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको युगमा कुनै देशले अपनाउने भन्सार (ट्यारिफ) नीतिले उसको आर्थिक छवि, व्यापारिक सहजता र अन्तर्राष्ट्रिय सम्बन्धमा ठूलो प्रभाव पार्छ। भारतलाई प्रायः "उच्च भन्सार दरको मुलुक" भनेर चिनाइन्छ। विशेषगरी अमेरिकी राजनीतिक नेतृत्व वा पश्चिमी सञ्चार माध्यमहरूमा भारतलाई भन्सार शुल्क बढाएर विदेशी उत्पादनलाई पन्छाउने देशको रूपमा चित्रण गर्ने प्रवृत्ति छ। तर प्रश्न उठ्छ – के यो धारणा तथ्यमा आधारित छ ? वा केवल अनुमान, अपूर्ण जानकारी र राजनीतिक एजेन्डाबाट प्रेरित छ ?

भारतका पूर्व राजदूत तथा प्रख्यात विज्ञ डा. मोहन कुमारका अनुसार, भारतका भन्सार दरहरूबारे फैलिएको यो धारणामध्ये धेरै अंश असत्य छ। किनभने व्यापार नीतिलाई केवल सुन्ने कुरा वा व्यक्तिगत अनुभवले होइन, तथ्याङ्कीय आधारले मूल्याङ्कन गर्नुपर्छ।

### भन्सार शुल्क : धारणा र तथ्यबीचको अन्तर

कुनै मुलुकको बस्ने योग्यता भनेको उस संस्कृतिको स्तर वा विदेशी पाहुनालाई गर्ने सत्कार जस्ता कुरा व्यक्तिपिच्छे अनुभवमा फरक-फरक पर्न सक्छन्। तर भन्सार दर भने पूर्ण रूपमा संख्यामा मापन गर्न मिल्ने विषय हो। यसैले यसबारे "भारत उच्च भन्सार लगाउने देश हो" भन्ने जस्ता सामान्यीकृत टिप्पणीलाई तथ्यका आधारमा परीक्षण गर्नुपर्छ।

विगत दुई दशकमा भारतले आफ्नो भन्सार संरचना चरणबद्ध रूपमा उदार बनाउँदै आएको छ। १९९० को दशकमा आर्थिक उदारीकरणसँगै भन्सार शुल्कमा उल्लेखनीय कटौती गरिएको थियो। त्यसयता भारतले विश्व व्यापार संगठन (ध्त्इ) को दायराभित्र रहेर प्रतिस्पर्धात्मक दर कायम राख्ने नीति अवलम्बन गरेको छ। तर अझै पनि अन्तर्राष्ट्रिय मञ्चमा भारतलाई कहिलेकाहीँ "भन्सारमैत्री होइन" भनेर आलोचना गर्ने प्रवृत्ति देखिन्छ।

गैर-कृषि उत्पादनमा भारतको भन्सार दर अमेरिकी वा युरोपेली उत्पादकहरूले भारतमा उच्च भन्सारको सामना गर्नुपरेको दाबी गरिन्छ। तर वास्तविक तथ्याङ्कले यसलाई समर्थन गर्दैन। सूचना प्रविधि (क्त) हार्डवेयर : भारतले धेरैजसो क्त् उपकरण, सेमिकन्डक्टर, कम्प्युटर र सम्बन्धित पार्टपुर्जामा ०% भन्सार तोकेको छ।

साधारण इलेक्ट्रोनिक उपकरण : यहाँ औसत करिब १०.९% शुल्क मात्र लाग्छ।

कम्प्युटिङ उपकरण : औसत भन्सार दर ८.३% मा सीमित छ।

यी दरहरू भारतका प्रतिद्वन्द्वी एशियाली देशहरूसँग तुलना गर्दा प्रतिस्पर्धी मात्र नभई कतिपय अवस्थामा अझै कम देखिन्छ।

अन्तर्राष्ट्रिय तुलना : भारत बनाम अन्य एशियाली मुलुक भारतलाई अन्य मुलुकहरूसँग तुलना गर्दा अझ स्पष्ट हुन्छ कि "भारतमा भन्सार दर अस्वाभाविक रूपमा उच्च छ" भन्ने दाबी कमजोर छ।

भियतनाम : इलेक्ट्रोनिक उपकरणमा औसत करिब ८.५% भन्सार। तर केही श्रेणीमा यो ३५% सम्म पुग्छ।

चीन : इलेक्ट्रोनिक्समा औसत ५.४%, तर केही श्रेणीमा २०% र कम्प्युटिङ उपकरणमा २५% सम्म।

इन्डोनेसिया : इलेक्ट्रोनिक उपकरणमा औसत ६.३%, उच्चतम २०%, र कम्प्युटर सम्बन्धी उपकरणमा अधिकतम ३०% सम्म।

यी तथ्यहरूले देखाउँछन् कि भारतले इलेक्ट्रोनिक्स तथा प्रविधि क्षेत्रमा लगाएको औसत भन्सार दर कतिपय मुलुकभन्दा बढी छैन। बरु, प्रतिस्पर्धात्मक रूपमा कम छ।

### कृषि, दुग्ध र अटोमोबाइलमा भन्सार संरक्षण

यद्यपि भारतले धेरै क्षेत्रमा खुला व्यापार नीतिलाई प्रोत्साहन दिएको छ, तर कृषि, दुग्ध र अटोमोबाइल क्षेत्र भने केही हदसम्म भन्सारद्वारा संरक्षित छन्। यसको कारण सीधै भारतको सामाजिक-आर्थिक संरचना सँग जोडिएको छ।

कृषि क्षेत्र : भारतमा करिब ५०% भन्दा बढी जनसंख्या अझै पनि कृषि निर्भर छ। यदि कृषि उत्पादनमा पूर्ण उदारीकरण गरियो भने सस्तो विदेशी उत्पादनको प्रवेशले किसानको जीवनस्तरमा ठुलो असर पार्ने सम्भावना छ।

दुग्ध क्षेत्र : भारत विश्वकै सबैभन्दा ठूलो दुग्ध उत्पादन गर्ने मुलुक हो। तर यो उत्पादन प्रायः साना किसान र ग्रामीण अर्थतन्त्रसँग गाँसिएको छ। विदेशी प्रतिस्पर्धी कम्पनीहरूलाई सहजै प्रवेश दिनु भारतका किसानलाई मार पर्ने कुरा हो।

अटोमोबाइल : भारत आफ्नो अटोमोबाइल उद्योगलाई "मेक इन इन्डिया" रणनीतिभित्र प्रोत्साहन दिन चाहन्छ। यसकारण प्रारम्भिक चरणमा केही हदसम्म भन्सार सुरक्षा आवश्यक मानिएको छ।

यी संरक्षणहरूलाई अस्वाभाविक भन्दा पनि रणनीतिक तथा सामाजिक दृष्टिले अपरिहार्य भन्न सकिन्छ ।भारतको व्यापार-भारित औसत भन्सार दर सामान्यतया कुनै देशको भन्सार नीतिको मूल्याङ्कन गर्दा "ट्रेड-वेटेड एवरेज ट्यारिफ" (तचबमभ-धभष्नजतभम बखभचबनभ तबचषा) हेर्ने गरिन्छ। यो गणनाले कुन क्षेत्रमा कति कारोबार भइरहेको छ भन्ने आधारमा औसत दर निकाल्छ।

भारतको व्यापार-भारित औसत भन्सार दर अन्य विकासोन्मुख मुलुकहरूसँग तुलना गर्दा अत्यन्तै कम देखिन्छ। यसैले भारतलाई "भन्सार शुल्कको राजा" भन्ने भनाइ केवल प्रचारको उपज हो, तथ्यमा आधारित होइन।

### गलत धारणा किन फैलियो?

भारतबारे गलत धारणा फैलिनुको कारणमा विभिन्न पक्ष छन्–

राजनीतिक एजेन्डा : विशेषगरी अमेरिकी राजनीतिमा "भारतले हाम्रो सामानलाई उच्च कर लगाउँछ" भन्ने लोकप्रिय नाराले मतदाता आकर्षित गर्ने काम गर्छ। आंशिक तथ्याङ्क प्रयोग : भारतले कृषि वा अटो क्षेत्रमा संरक्षण दिएको कुरा मात्रै देखाएर सम्पूर्ण भन्सार संरचनालाई "उच्च" भनेर चित्रण गरिन्छ।

व्यापार वार्ता रणनीति : द्विपक्षीय व्यापार वार्तामा दबाब सिर्जना गर्न भारतलाई उच्च भन्सार देशको रूपमा प्रस्तुत गरिन्छ। तर यस्ता धारणाहरू तथ्याङ्कीय विश्लेषणले खण्डन गर्छन्।

भारतको नीति : उदारीकरण र संरक्षणबीचको सन्तुलन भारतले अपनाएको नीति पूर्ण उदारीकरण होइन, बरु सन्तुलित उदारीकरण हो। एकातिर, प्रविधि, इलेक्ट्रोनिक्स, कम्प्युटिङ, मेसिनरी जस्ता क्षेत्रमा भारतले खुला भन्सार नीति अपनाएको छ। अर्कोतिर, कृषि, दुग्ध र अटो जस्ता क्षेत्रमा देशको सामाजिक संरचना, रोजगारी र दीर्घकालीन हितलाई ध्यानमा राख्दै आंशिक सुरक्षा दिएको छ। यसरी हेर्दा भारतले न त अत्यधिक संरक्षणवादी नीति अपनाएको छ, ।जुन न त अन्धाधुन्ध उदारीकरण हो, बरु, आफ्नो आर्थिक हित र सामाजिक यथार्थ अनुसार सन्तुलन खोजेको छ।

भारतबारे फैलाइएको "भन्सार शुल्क अस्वाभाविक रूपमा उच्च छ" भन्ने धारणा प्रायः गलत, अधुरो र राजनीतिक रूपमा प्रेरित छ। वास्तविक तथ्यले देखाउँछ–भारतले सूचना प्रविधि, इलेक्ट्रोनिक्स, कम्प्युटिङ जस्ता क्षेत्रमा प्रतिस्पर्धात्मक वा अझ कम भन्सार दर कायम गरेको छ। कृषि, दुग्ध र अटो क्षेत्रमा दिइएको संरक्षण भने सामाजिक-आर्थिक यथार्थ र राष्ट्रिय हितसँग प्रत्यक्ष सम्बन्धित छ।

व्यापार-भारित औसत भन्सार दर हेर्दा भारतलाई "भन्सार शुल्कको राजा" भन्न कुनै आधार छैन। डा. मोहन कुमारका अनुसार, भारतले अपनाएको नीति तथ्यमा आधारित, व्यावहारिक र रणनीतिक छ। त्यसैले अन्तर्राष्ट्रिय व्यापारमा भारतलाई गलत रूपमा चित्रण गर्नु केवल भ्रम फैलाउनु मात्र हो।

## गृहमन्त्रीद्वारा बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकन

दोधारा चाँदनी । गृहमन्त्री रमेश लेखकले शनिबार कञ्चनपुरको दोधारा चाँदनी नगरपालिकाका बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकन गर्नुभएको छ ।

यसै साता आएको बाढीले जोबगुढा नदीको बाँध भत्किएर बस्ती बाढी पस्दा दोधारा चाँदनी नगरपालिकाका पटराखल्ला, सुन्दरबस्ती रामपुरे टापु र जर्गाका ५७ घर डुबानमा परेका थिए भने एक सय ५० बढी नागरिक विस्थापित भएका थिए । उक्त बाँध भत्किएको क्षेत्रको स्थलगत अवलोकन गर्दै गृहमन्त्री लेखकले जोगबुढा नदीबाट बस्ती जोगाउन चालु आर्थिक वर्षमा तटबन्ध निमार्ण गर्नेगरी बजेट विनियोजन भइसकेको जानकारी दिनुभयो ।

“महाकाली र जोगबुढा नदीको बाढी र डुबानका कारण दोधारा चाँदनीमा हरेक वर्ष प्रभावित हुँदै आएको छ”,



उहाँले भन्नुभयो, “बाढीबाट दोधारा चाँदनी जोगाउनका लागि महाकाली र जोगबुढा नदीका अधिकांश स्थानमा तटबन्ध निमार्ण भइसकेको छ, बाँकी रहेका ठाउँमा पनि तटबन्ध निमार्ण गर्न बजेट विनियोजन भएकाले चालु आवभित्र काम हुन्छ ।” कुनै बेला आकाशमा बादल देख्ने बित्तिकै बाढीको त्रासमा बस्नुपर्ने यहाँका बासिन्दा अहिले तटीय क्षेत्रमा बाँध बनेपछि सुरक्षित बनेका गृहमन्त्री लेखको भनाइ छ ।

यसैबीच, गृहमन्त्री लेखकसँग बाढी विस्थापित नागरिकले गृहमन्त्री लेखकसँग सरकारले राहतभन्दा पनि बस्ती जोगाउन तटबन्ध निर्माण गर्नुपर्ने माग गरेका छन् ।

जोगबुढा नदीको बाढीले दोधारा चाँदनी नगरपालिका-८ स्थित रामपुरे टोल र जर्गा टोलका २५ घर डुबानमा परेका छन् । त्यसैगरी दोधारा चाँदनी-३ स्थित पटराखल्लाका १५ घर र दुईवटा सशस्त्र प्रहरीका बिओपीसमेत विस्थापित भएका थिए ।रासस

# ‘अदालतको आदेश कार्यान्वयन गरी सामाजिक सञ्जाललाई जवाफदेही बनाउनु सरकारको दायित्व’

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले ‘सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०’ बमोजिम सूचीकृत नभएका सामाजिक सञ्जाल प्लेटफर्मलाई नेपालभित्र निष्क्रिय गर्ने निर्णय कार्यान्वयनमा ल्याएको छ ।

सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन गर्नुपर्ने कानुनी बाध्यताका आधारमा यही भदौ १९ गते मन्त्रिस्तरीय निर्णयबाट सूचीकृत नभएका सामाजिक सञ्जाललाई निष्क्रिय बनाउन मन्त्रालय बाध्य हुनुपरेको हो । स्पष्ट रुपमा समयावधि तोकी नियमानुसर सूचीकृत भइदिन नेपालभित्र सञ्चालित सामाजिक सञ्जाललाई पटकपटक अनुरोध गर्दा पनि प्रक्रियामा सहभागी नहुनेको हकमा मात्र निष्क्रिय बनाइएको सञ्चार मन्त्रालयले स्पष्ट गरेको छ ।

सो निर्णयभएसँगै सबैजसो घर-चोक, विद्यालय, विश्वविद्यालय, कार्यालय, व्यापारिक संस्था, आमसञ्चार माध्यम, राजनीतिका तहतप्कामा सामाजिक सञ्जाललाई निष्क्रिय बनाइएका विषयमा चर्चा/परिचर्चा भइरहेको छ ।


सो निर्णयका सन्दर्भमा सामाजिक सञ्जाल प्रयोगकर्ता व्यक्ति तथा समाज विभाजित भएको अवस्था छ । केहीले सामाजिक सञ्जाललाई निष्क्रिय बनाउने निणर्यका पक्षमा वकालत गर्दै यसले करिब तहसनहस अवस्थाम पुर्‍याइएको हाम्रो सामाजिक मूल्यमान्यता, भाषा, संस्कृति, रितिरिवाज, चालचलनलाई बचाउन, मोवाइलमा नै व्यस्त रहने आदतबाट नेपाली समाजलाई जोगाउन, उत्पादनमूलक काममा लाग्न अभिप्रेरित गर्न र सर्वत्र हावी भइरहेको नकारात्मक सोच र चिन्तनबाट देशलाई बचाउन सहयोग पुग्ने भएकाले निर्णयको स्वागत गरेका छन् ।

अर्कोतर्फ सूचनाको हकलाई कुण्ठित गर्ने, नियन्त्रित शासन व्यवस्थालाई मलजल गर्ने, सामाजिक सञ्जालबाट प्राप्त हुने सकारात्मक पक्षलाई ग्रहण गरी लाभान्वित हुन पाउने अवसरबाट बञ्चित हने तथा स्वदेशर्मै बसी केही आम्दानी समेत गरिरहेका व्यक्ति एवं सङ्घसंस्था प्रभावित हुनुपरेको भन्दै सो निर्णयको विपक्षमा आवाज उठाउनेहरू पनि देखिएकै छन् ।

सोही निर्णयका सन्दर्भमा कतिपय विज्ञ र सरोकारवाला पक्षले सरकार सामाजिक सञ्जाललाई नियन्त्रणमा लिन खोजिरहेको भन्ने भ्रामक सन्देश फैलाएका छन् । तर, सरकारको दाबी फरक छ, यसले कुनै पनि सामाजिक सञ्जाल पूर्णरूपमा बन्द गर्ने उद्देश्य राखेको छैन । बरु यी प्लेटफर्मलाई जिम्मेवार, जवाफदेही र कानुनी दायराभित्र ल्याउने मात्र प्रयत्न गरिएको हो भनी सरकारको तर्फबाट स्पष्ट गरिएको छ ।

आजको युगमा सामाजिक सञ्जाल मानिसको जीवनको अपरिहार्य हिस्सा बनिसकेको छ । अहिले मानिस दुई किसिमको जीवनयापन गरिरहेको छन्, एक भौतिक जीवन, अर्को प्राविधिक जीवन । भौतिक जीवन दैनन्दिन व्यवहारसँग जोडिएको छभने प्राविधिक जीवन अनलाइन र डिजिटल प्लेटफर्मसँग सम्बन्धित छ । यस डिजिटल दुनियाँमा सहज रुपमा जीवनयापन गर्ने मुख्य आधार सामाजिक सञ्जाल बनेको छ । त्यसलाई कानुनसम्मत रुपमा व्यवस्थित नगर्दा व्यक्तिगत गोपनीयता, सामाजिक सद्भाव, सांस्कृतिक मूल्य र मुलुकको सार्वभौमिकतामाथि नकारात्मक असर परेको छ, त्यसलाई जोगाउनुपर्ने दायित्व राज्यको नै हो ।

सरकारले निरन्तर पहल गर्दै आएको सामाजिक सञ्जाललाई सूचीकरण गर्ने प्रक्रियालाई सर्वोच्च अदालतको निर्देशनात्मक




आदेशपछि यसलाई पूर्ण रुपमा पालना गर्नुपर्ने अवस्था आएको हो । यद्यपि मन्त्रालयमा सूचीकृत भएका केही भएका र हुने प्रक्रियामा रहेका सामाजिक सञ्जाललाई भने सञ्चालनमा खुला गरिएको छ । मन्त्रालयमा सूचीकृत भएका टिकटक, भाइबर, विटकजस्ता केही सामाजिक सञ्जाल हाल सञ्चालित छन् ।

सर्वोच्चको बृह पूर्ण इजलासले २०८१ असोज १३ गते अदालतको अवहेलना मुद्दासम्बन्धी फैसला उद्धृत गर्दै सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको हो । आदेशमा भनिएकोछ, ‘सम्मानित सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासले अदालतको अवहेलनासम्बन्धी मुद्दा (मुद्दा नं.०८०–ॠँ००१२) मा स्वदेशी वा विदेशी उत्पत्तिका अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालन पूर्वअनिवार्य रूपमा सम्बन्धित साधिकार निकायबाट सूचीकरण गरी अनिच्छित सामग्रीहरूको मूल्याङ्कन र अनुगमन गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको छ ।’

यही सर्वोच्चको निर्देशनात्मक आदेशलाई आधार बनाएर मन्त्रिपरिषद्‌ले यही भदौ ९ गते सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सन्दर्भमा ‘सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० तथा सर्वोच्च अदालतको आदेशबमोजिम सामाजिक सञ्जाल सञ्चालकलाई जिम्मेवार तथा जवाफदेही बनाउन सात दिनको म्याद दिई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरणका लागि सार्वजनिक रुपमा आह्वान गर्ने, तोकिएको अवधिमा सूचीकरण हुन नआउने वा सूचीकरणका लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाललाई क्रमशः नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनः सक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दूरसञ्चार प्राविधिकरणलाई निर्देशन दिने’ भन्ने निर्णय गरिएको थियो ।

अदालतको आदेश र मन्त्रिपरिषद्को निर्णयलाई टेकेर सञ्चार मन्त्रालयले सूचीकृत नभएका सामाजिक सञ्जालहरुलाई निष्क्रिय गर्ने निर्णय गरेको हो । सञ्चार पृथ्वी सुब्बा गुरुङका अनुसार सामाजिक सञ्जाल सूचीकरण गराउनु भनेको देशको सार्वभौमसत्ता र स्वाभिमानसँग जोडिएको कुरा पनि हो । उहाँ भन्नुहुन्छ, “अदालतको आदेश र मन्त्रिपरिषद्को निर्णय पालना गर्नुपर्छ । सूचीकरण भएको तत्क्षण उक्त सामाजिक सञ्जाल खुला हुन्छ । हामीले नियन्त्रण गर्न होइन, सामाजिक सञ्जाललाई जवाफदेही बनाउन मात्र खोजेका हौँ, यस सम्बन्धमा भ्रममा नपरी स्पष्ट हुन सम्बद्ध सबैसँग अनुरोध गर्दछु ।”

यद्यपि समाजिक सञ्जालमाथिको नियमन गर्ने प्रयास यसअघिका सरकार प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको पालामा नै सुरु भएको थियो । तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले २०८० साल कात्तिक २७ गते सामाजिक सञ्जाललाई नियमन गर्ने निर्देशिका ल्याउनुभएको थियो ।

सो निर्णयसँगै तत्कालीन सरकारले टिकटक बन्द गर्‍यो । सरकारको टिकटक बन्द गर्ने निर्णयले व्यापक विरोध र असन्तोष पैदा गर्‍यो । युवाको रोजगारी, आयआर्जन र सिर्जनात्मक गतिविधि टिकटकसँग जोडिएको हुँदा बन्दले ठूलो असर पार्‍यो ।

तत्कालीन सरकारले निर्देशिकाअनुसार सामाजिक सञ्जाललाई सूचीकरण गराउने प्रयासमै चुनौती खेप्नुपरेको थियो । उक्त समयमा टिकटक बन्द हुँदा पनि प्रयोगकर्ताले भिपिएनलगायतका माध्यम प्रयोग गरेर उक्त प्लेटफर्म चलाइरहे । यसले के प्रस्ट गर्‍यो भने, सामाजिक सञ्जाललाई बन्द गरेर समस्या समाधान गर्न सकिँदैन, बरु सूचीकृत र व्यवस्थित गरेर मात्रै समस्याको दीर्घकालीन समाधान सम्भव छ ।

त्यसपछि नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भयो । सञ्चार तथा सूचना प्रविधिमन्त्रीमा पृथ्वी सुब्बा गुरुङ हुनुभयो । नेकपा (एमाले)का उपमहासचिवसमेत रहनुभएका नेता गुरुङले मन्त्रीको जिम्मेवारी सम्हाल्नुभएपछि त्यसअघि सरकारबाट भएका निर्णय, आमजनताको भावना, चाहना आदिलाई समेत दृष्टिगत गरी सामाजिक सञ्जाललाई व्यवस्थित गर्न पहल गर्नुभयो ।

यसै सन्दर्भमा सरोकारवाला पक्षसँग चरणबद्ध रुपमा गरिएको छलफलबाट प्राप्त सकारात्मक सुझावसमेतका आधारमा २०८१ माघमा नै सामाजिक सञ्जाल नियमनसम्बन्धी बन्न लागेको विधेयकलाई राष्ट्रियसभामा पेस गरिएको अवस्था छ ।

माओवादी अध्यक्ष दाहाल नेतृत्वको सरकारले २०८१ कात्तिक २७ मा टिकटक सञ्चालनमा रोक लगाएको थियो भने वर्तमान सरकारले २०८१ भदौ ७ गते सर्तसहित टिकटकमाथिको प्रतिबन्ध खुला गर्ने निर्णय गरेको थियो । सञ्चारमन्त्री गुरुङको नेतृत्वको मन्त्रालयसँग टिकटकले हाल सामाजिक कार्यमा साझेदारी गर्दै शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता जनाइसकेको छ । यसले के प्रष्ट पार्छ भने, सामाजिक सञ्जाललाई व्यवस्थित गर्न सकिएमा व्यक्ति, समाज र देशकै हितमा प्रयोग गर्न सकिन्छ । टिकटक सूचीकृत भएपछि मन्त्रालयले फेसबुक, एक्स (ट्विटर), इन्स्टाग्राम, ह्वाट्सएप, युट्युबलगायतका अरू सञ्जाललाई पनि सूचीकृत गर्न प्रयास जारी राख्यो । विसं २०८१ माघ २१ मा मन्त्रालयले पहिलोपटक सूचीकरणसम्बन्धी सूचना जारी गर्‍यो । यसअघि कात्तिक ८ गते टिकटक र असोज १६ गते विटक सूचीकृत भइसकेका थिए । यसैगरी सूचना जारी भएपछि गत फागुन २४ मा भाइबर पनि सूचीकृत हुन आएको थियो ।

यसपछि मन्त्रालयले क्रमशः दोस्रोपटक गत चैत १२ गते, तेस्रोपटक वैशाख २१ र चौथो पटक भदौ १२ गते सूचना जारी गर्‍यो । हरेक पटक सामाजिक सञ्जाललाई सूचीकृत हुन एक साताको समयसीमा तोकिएको थियो । तर, फेसबुकलगायत ठूला प्लेटफर्मले नेपाल सरकारको कानुनलाई अटेरी गर्दै सूचीकृत हुन आएनन् ।

सो निर्देशिकाको दफा ३ अनुसार निर्देशिका जारी भएको तीन महिनाभित्र समाजिक सञ्जाल सूचीकृत भइसकेको हुनुपर्थ्यो । तर, निर्देशिका जारी भएको दुई वर्ष पुग्न लाग्दा पनि अटेर गर्दै सूचीकरण प्रक्रियामा नआउनेहरूलाई मात्र कानुनमोजिम निष्क्रिय बनाइएको सरकारले स्पष्ट गरेको छ । कारणबस सूचीकृत हुन नआएका सामाजिक सञ्जालहरू कानुनबमोजिम सो प्रक्रियामा सहभागी भए तत्काल ती सामाजिक सञ्जाल सक्रिय हुने भएकाले सरकारको निर्णयका सन्दर्भम भ्रममा नपर्न सम्बद्ध सबैसँग सञ्चारमन्त्री गुरुङले स्पष्ट गनुएभएको छ । सूचना र प्रविधिको विकाससँगै आमजनताले त्यसबाट अत्यधिक लाभ लिन सकून् भन्ने असल मनसायका साथ तत्सम्बन्धी आवश्यक निर्णयसहित सरकारले काम गरिरहेको पनि मन्त्री गुरुङले स्पष्ट गर्नुभयो ।

सूचीकरण भएपछि सामाजिक सञ्जाल सञ्चालकको जिम्मेवारी र जवाफदेहितामा ठूलो वृद्धि हुन्छ । निर्देशिकामा भनिएअनुसार, सञ्चालकले प्रचलित कानुनविपरीत सामग्री रोक्ने गरी आवश्यक अल्गोरिदम विकास गर्नुपर्छ । कुनै सामग्रीबारे गुनासो आएमा २४ घण्टाभित्र हटाउनुपर्छ । प्रयोगकर्ताको व्यक्तिगत विवरण सुरक्षित राख्नुपर्छ र त्यसलाई अन्य प्रयोजनमा प्रयोग गर्न पाइँदैन । साथै, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, सामाजिक सद्भाव र धार्मिक सहिष्णुतामाथि आघात पुर्‍याउने सामग्री प्रकाशनमा रोक लगाउनुपर्छ ।

त्यसैगरी, सामाजिक सञ्जाल सञ्चालकले अन्तरराष्ट्रियस्तरमा विकास भएको ‘सान्ता क्लारा सिद्धान्त’ पालना गर्नुपर्ने उल्लेख छ । कारोबार गर्दा बैंक प्रणालीमार्फत गर्नुपर्ने, प्रयोगकर्ताको हितमा सचेतनामूलक सामग्री प्रसारण गर्नुपर्ने, तथ्य जाँच गरेर मात्रै सामग्री प्रकाशन गर्नुपर्ने र गुनासो सम्बोधन गर्ने व्यवस्था गर्नुपर्ने पनि निर्देशिकामा प्रस्ट गरिएको छ ।

यसरी सूचीकरण भएपछि सामाजिक सञ्जालका प्लेटफर्मले समाजप्रति उत्तरदायित्व बहन गर्नुपर्नेछ । यदि सूचीकरण नगरे भने सरकारले कानुनी कारबाही गर्न सक्नेछ । यो अवस्थामा प्रयोगकर्तालेसमेत आफूले प्रयोग गर्ने सामाजिक सञ्जालको सम्पर्क केन्द्र सजिलै पाउन सक्छन् । अहिले निष्क्रिय गरिएका प्लेटफर्म सूचीकृत हुने बित्तिकै पुनः सञ्चालनमा आउने मन्त्रालयले स्पष्ट पारेको छ ।

आम प्रयोगकर्ताले बुझ्नुपर्ने कुरा के हो भने, सामाजिक सञ्जाल नेपालमा पूर्ण रूपमा बन्द गर्न खोजिएको होइन । बरु यसलाई जिम्मेवार, व्यवस्थित र जवाफदेही बनाउन सूचीकृत गर्न भनिएको हो । सामाजिक सञ्जाल समाजप्रति उत्तरदायी बन्ने पहिलो र अनिवार्य आधार नै सूचीकृत हुनु हो ।

यसरी हेर्दा सामाजिक सञ्जाल सूचीकृत हुनु केवल सरकारी औपचारिकता मात्र होइन, समाज र मुलुककै हितसँग प्रत्यक्ष सम्बन्धित विषय हो । यसले प्रयोगकर्ताको अधिकार सुरक्षित गर्छ, सञ्चालकलाई कानुनी दायरामा ल्याउँछ र दुरुपयोग रोक्न मद्दत पुर्‍याउँछ । सामाजिक सञ्जाललाई व्यवस्थित नगरेसम्म समाजमा गलत प्रयोग, फेक समाचार र विभाजनकारी सामग्रीको जोखिम रहिरहन्छ । त्यसैले सूचीकरण आवश्यक मात्र होइन, अपरिहार्य पनि हो ।रासस

> “अदालतको आदेश र मन्त्रिपरिषद्को निर्णय पालना गर्नुपर्छ । सूचीकरण भएको तत्क्षण उक्त सामाजिक सञ्जाल खुला हुन्छ । हामीले नियन्त्रण गर्न होइन, सामाजिक सञ्जाललाई जवाफदेही बनाउन मात्र खोजेका हौँ, यस सम्बन्धमा भ्रममा नपरी स्पष्ट हुन सम्बद्ध सबैसँग अनुरोध गर्दछु ।”

## राष्ट्रपति पौडेलद्वारा इन्द्रजात्रा अवलोकन

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सांस्कृतिक एवं ऐतिहासिक पर्व इन्द्रजात्राका अवसरमा हनुमाढोका दरबार क्षेत्रस्थित गद्दी बैठक जानु भई जात्रा अवलोकन गर्नुभएको छ । राष्ट्रपति पौडेल न्यूरोडस्थित जुद्ध सालिकबाट पैदलमार्फत वसन्तपुर दरबारस्थित गद्दी बैठक पुग्नुभएको हो । विसं २०८० देखि राष्ट्रपति पौडेल इन्द्रजात्रा अवलोकनका क्रममा जुद्ध सालिकबाट पैदलमार्फत गद्दी बैठक जान थाल्नुभएको हो । उहाँसँगै अन्य विशिष्ट व्यक्तित्वहरू पनि पैदलमार्फत गद्दी बैठक पुग्नुभएको उहाँका प्रेस संयोजक खिला कार्कीले राससलाई जानकारी दिनुभयो ।

जात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, उपप्रधानमन्त्रीद्वयप्रकाशमान सिंह र विष्णप्रसाद पौडेललगायत मन्त्रीगण, उपसभामुख इन्दिरा राना, सांसदहरू, प्रदेशसभा सदस्यहरू,



काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र साह, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधिहरू, स्थानीय तहका जनप्रतिनिधिलगायत सहभागी हुनुभएको थियो ।

जात्राका अवसरमा राष्ट्रपति पौडेलले श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथमा फूलमाला एवं दक्षिणा चढाएर यात्रा गराउने अनुमति दिनुभएको थियो । त्यसपछि श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्रा सुरु गरिएको थियो । भाद्र शुक्ल द्वादशीका दिन बिहीबार बिहान हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी सुरु भएको इन्द्रजात्राको शनिबार मुख्य दिन हो ।

शनिबार तल्लोटोलमा रथयात्रा चलाइने गुठी संस्थान धार्मिक एवं सांस्कृतिक सम्पदा शाखाका प्रमुख राजेन्द्र दाहालले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार आइतबार माथिल्लो टोलमा रथयात्रा गराइने छ । यही भदौ २६ गते बिहीबार महिलाले मात्र रथ तानी नानीचा यात्रा चलाइने छ । यसै दिन बेलुकी राष्ट्रपति पौडेल हनुमानढोका दरबार जानुभई कुमारीबाट टीका एवं प्रसाद ग्रहण गर्नुहुनेछ । टीका, प्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्परासमेत रहेको छ ।

भदौ २६ गते राति १०ः३२ बजे इन्द्रध्वज पातन गरेपछि दुई साताभन्दा लामो इन्द्रजात्रा समाप्त हुनेछ । इन्द्रध्वज पातन गरेपछि इन्द्रजात्राको लिङ्गोलाई स्थानीयवासीले घिसार्दै लगी टेकु दोभानस्थित बागमती किनारमा पुर्‍याएर सेलाउने परम्परा रहेको धार्मिक एवं सांस्कृतिक सम्पदा शाखाका प्रमुख दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार लिङ्गो सेलाउन घिसारेर लैजाने परम्परा छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले निकालेको साइतमा लिङ्गोका लागि रुख काट्न वनयात्रा गरेपछि यो जात्राको प्रक्रिया सुरु भएको थियो । वनयात्रा, रुख कटान, लिङ्गो नगर प्रवेशलगायत विधिपछि भाद्र शुक्ल द्वादशीका दिन इन्द्र ध्वजोत्थान गरिन्छ । इन्द्रजात्रा प्रताप मल्लको पालामा सुरु भएको विश्वास गरिन्छ । इन्द्रजात्रामा रथयात्राको चलन भने राजा गुणकामदेवले सुरु गर्नुभएको थियो । उपत्यकामा मनाइनेमध्ये यो लामो जात्रा हो ।

वर्षा र सहकालका देवताका रूपमा पूजिने इन्द्रको आज विधिपूर्वक पूजाआजा गरिएको थियो । रासस

## एमाले विधान महाधिवेशनः प्रतिवेदनमाथिको समूहगत छलफल सम्पन्न

ललितपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को विधान महाविधेशनअन्तर्गत दोस्रो दिनको बन्दसत्र सकिएको छ ।

ललितपुर, गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा शुक्रबारदेखि जारी दोस्रो महाधिवेशनमा आज प्रस्तुत गरिएका सात वटा प्रतिवेदनमाथि समूहगत छलफल सम्पन्न भएसँगै शनिबारको बन्दसत्र सकिएको एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।

महाधिवेशनमा सहभागी प्रतिनिधिलाई प्रदेश, उपत्यका र केन्द्रीय संरचनालाई आधार बनाएर १० वटा समूहमा विभाजन गरी छलफल गरिएको थियो । कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा आधारित प्रतिनिधिहरूले छुट्टाछुट्टै छलफल गरेका थिए । यस्तै, उपत्यका विशेष प्रदेश, विभिन्न जनसङ्गठन, सम्पर्क समन्वय समिति र प्रवास तथा केन्द्रीय निकायका प्रतिनिधि तथा केन्द्रीय कार्यालय र विभागीय संरचना तथा केन्द्रीय निकायले प्रतिवेदनमाथि छलफल गरेका थिए ।

प्रचार विभाग प्रमुख गौतमले आइतबार बिहान ८ बजेबाट सुरु हुने महाधिवेशनमा आज प्रतिवेदनमाथि छलफल गरेका समूहका टोली नेताले आआफ्नो समूहका तर्फबाट प्रतिवेदनमाथि सुझाव दिने कार्यक्रम रहेको




जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, “त्यसरी आएका सुझावका आधारमा प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीले जवाफ दिने कार्यसूची छ । भोलि नै समसामयिक प्रस्ताव पारित गर्दै महाधिवेशन सम्पन्न हुनेछ ।”

महाधिवेशनमा पार्टी अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधनसम्बन्धी प्रस्ताव र महासचिव शङ्कर पोखरेलले सङ्गठनात्मक प्रतिवेदन र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहोराले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यस्तै, केन्द्रीय अनुशासन आयोगका तर्फबाट अध्यक्ष केशव वडाल, केन्द्रीय लेखा आयोगका तर्फबाट अध्यक्ष डा पुष्प कँडेल र केन्द्रीय निर्वाचन आयोगका तर्फबाट अध्यक्ष डा विजय सुब्बा आआफ्ना निकायको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । स्थायी कमिटी सदस्य कर्ण थापाको फरक मतसम्बन्धी प्रस्तावमा पनि समूहगत छलफल गरिएको थियो ।

महाधिवेशनमा भोलि केन्द्रीय निर्वाचन आयोगको निर्वाचन गर्ने कार्यसूची रहेको एमाले प्रचार विभाग प्रमुख गौतमले जानकारी दिनुभयो । ‘निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प ‘समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य’ भन्ने मूल नारासहित हिजोदेखि सुरु भएको महाधिवेशनमा देशभरिका दुई हजार २६ जना प्रतिनिधि र आयोजकका हैसियतमा तीन सय १५ जना थप गरी दुई हजार ३४१ जनाको सहभागिता रहेको छ ।रासस

# चीनले देखाएका अस्त्रशस्त्र र उपकरणले उसको सैन्य शक्तिबारे के सङ्केत गर्छन्

बीबीसी

काठमाण्डु । यो साता चीनले विशाल सैनिक परेड आयोजना गरेर कैयौँ नयाँ अस्त्रशस्त्र, ड्रोन र अरू सैन्य उपकरण प्रदर्शन गऱ्यो। धेरैले चीनको सैन्य सामर्थ्य झल्काउने उक्त कार्यक्रम संयुक्त राज्य अमेरिका र उसका साझेदारहरूलागि स्पष्ट सन्देश भएको ठानेका छन्।

उक्त समारोहमा चिनियाँ राष्ट्रपति सी जिन्पिङको निम्तो स्वीकार गरेर रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उत्तर कोरियाली नेता किम जङ अनसहित नेपाली प्रधानमन्त्री केपी ओली र अन्य २० भन्दा बढी देशका सरकार प्रमुख सहभागी भएका थिए।

उत्तर कोरिया र रुस दुवै देश आर्थिक सहायतासहित विभिन्न क्षेत्रमा चीनमाथि निर्भर छन्। उक्त परेड विश्वमञ्चमा सीको बढ्दो शक्ति र चिनियाँ सैनिकको सामर्थ्यको प्रदर्शनी थियो। चीनले परेडमा "गुआम किलर" नामक क्षेप्यास्त्र, "लोयल विङ्म्यान" नामक ड्रोन र रोबटिक 'ब्वाँसा' पनि सार्वजनिक गरेको थियो।नयाँ अस्त्रशस्त्रको चर्चा र झिलिमिली बाहेक त्यहाँ देखिएका पाँच प्रमुख पक्ष यहाँ प्रस्तुत गरिएको छ। बुधवारको प्रदर्शनीबाट के प्रस्ट भएको छ भने चीनले छिट्टै विभिन्न किसिमका अस्त्रशस्त्रहरू उत्पादन गर्न सक्छ।

सिङ्गापुरको नान्याङ टेक्नोलजिकल यूनिभर्सिटीमा सैन्य रूपान्तरण कार्यक्रमका सहायक प्राध्यापक माइकल रास्काका अनुसार दश वर्ष अघिसम्म चीनले देखाउने सैन्य प्रविधि प्रायः अमेरिकी प्रविधिको "साधारण नक्कल" जस्तो देखिन्थ्यो।तर यो वर्षको सैन्य परेडमा चीनले विशेष गरी ड्रोन र क्षेप्यास्त्रहरू जस्ता विविधतापूर्ण एवं नवीन अस्त्रहरू प्रदर्शन गऱ्यो, जसले उसको प्रतिरक्षा उद्योग अहिले कति विकसित भइसकेको छ भन्ने देखाउँछ।

प्यासिफिक फोरमका एलेक्जेन्डर नीलका अनुसार चीनको व्यापक स्रोतले उसलाई अरू विभिन्न देशभन्दा छिटो अस्त्र उत्पादन गर्न सक्षम बनाएको छ। चीनले ती अस्त्रहरू ठूलो मात्रामा उत्पादन गर्न सक्छ, जसले युद्धमैदानमा शत्रुलाई पराजित गर्ने क्षमतामा सहयोग पुग्न सक्छ।नील भन्छन्ः "चीनले गोला-बारुद, जहाज, सबै किसिमका प्ल्याटफर्महरू उत्पादन गर्न सक्छ… राज्यले निर्देशन दिन्छ र काम अगाडि बढ्छ।"तर चिनियाँ



सेनाले कति प्रभावकारी रूपमा तिनको प्रयोग गर्न सक्छ त?

"उनीहरूले यी अत्याधुनिक प्रविधिहरू देखाउन सक्छन्, तर के तिनीहरूले त्यसलाई चाहे जस्तै प्रयोग गर्न सक्छन् त?" डा. रास्का प्रश्न गर्छन्।त्यो सजिलो नहुने उनी तर्क गर्छन्। किनकि चीनको सेना विशाल छ र दशकौँदेखि कुनै ठूलो युद्धमा संलग्न भएको छैन। चीनले केही नयाँसहित विभिन्न किसिमका क्षेप्यास्त्रहरू प्रदर्शन गऱ्यो।

तीमध्ये दोङ्फेङ-६१ (मँ-६१) ले कैयौँ युद्धशीर्ष बोक्न सक्छ। दोङ्फेङ-५सी (मँ-५ऋ) अन्तरमहाद्वीपीय बलिस्टिक क्षेप्यास्त्र उत्तरी चीनबाट प्रहार गर्दा अमेरिकासम्म पुग्न सक्छ। "गुआम किलर" उपनाम दिइएको दोङ्फेङ-२६डी (मँ-२६म) मध्यम दूरीको क्षेप्यास्त्रले गुआमस्थित अमेरिकी सैनिक अखडासम्म मार हान्न सक्ने बताइन्छ।

चीनले पानीजहाजलाई लक्ष्य गर्ने विभिन्न 'हाइपरसोनिक' क्षेप्यास्त्रहरू पनि देखायो। तिनको गति निकै तीव्र हुन्छ र तिनले क्षेप्यास्त्र पत्ता लगाउने रेडार प्रणालीलाई पनि छल्न सक्छन्।

यस्ता क्षेप्यास्त्रमा ध्यान दिनुपर्ने एउटा कारण छ। नीलका अनुसार चीनले आफ्नो प्रतिरक्षात्मक रणनीतिअन्तर्गत क्षेप्यास्त्र र रकेटबाट सुसज्जित फौज बनाउँदै आएको छ। अमेरिकी जलसेनाको श्रेष्ठतालाई चुनौती दिनु पनि उसको उद्देश्य भएको उनी ठान्छन्।

अमेरिकी जलसेनासँग सर्वाधिक सऋ्यामा सैन्य विमान बोक्ने क्षमताका पानीजहाज र हवाई आक्रमण गर्न सक्षम फौज 'क्यारिअर स्ट्राइक ग्रूप' (सीएसजी) छन्। चीन त्यस्तो सऋ्यामा अलि पछाडि नै छ।नीलका अनुसार पाश्चात्य प्रतिरक्षा समुदायमा सीएसजीहरू क्षेप्यास्त्र आक्रमणमा सजिलै पर्न सक्ने र तिनमा रहने सैनिकहरू बढ्दो जोखिममा भएको तर्क गर्न थालिएको छ।

बेइजिङले आफ्नो प्रतिरोधात्मक क्षमता मात्र बढाएको नभई आफूमाथि आक्रमण भए प्रतिकारमा परमाणुअस्त्र प्रहार गर्ने सामर्थ्य पनि वृद्धि गरेको उनी बताउँछन्।चीनसँग भएको एलवाई-१ (ॡ-१ ) लेजर अस्त्रले विद्युतीय उपकरण निष्क्रिय पारिदिन वा जलाइदिन वा विमानचालकलाई दृष्टिहीन बनाइदिन सक्छ। चीनसँग रेडारले पत्ता लगाउन नसक्ने उन्नत लडाकु विमानहरू पनि छन्। चीनले विभिन्न प्रकारका ड्रोनहरू देखायो। ती आर्टिफिशल इन्टेलिजन्स (एआई) बाट सञ्चालित हुन्छन्। एजेएक्स-००२ (ब्ह्-००२ ) नामक विशाल पन्डुब्बी ड्रोनतिर धेरैको ध्यानाकर्षित भएको छ।

त्यो मानवरहित वाहनलाई एक्सएलयूयूभी पनि भनिन्छ र त्यो २० मिटरसम्म लामो हुन्छ। शत्रुपक्षको चियो र निगरानी गर्न त्यसको प्रयोग हुन सक्छ।चीनले रेडार प्रणाली छल्ने र हवाई आक्रमण गर्न प्रयोग गर्न सकिने जीजे-११ (न्-११) ड्रोन पनि देखायो। विमानचालकले उडाएका फाइटर जेटहरू सँगसँगै उडेर यसले हवाई हमलामा सघाउन सक्छ।

विभिन्न प्रकारका उड्ने ड्रोनबाहेक चीनले कैयौँ "रोबटिक वुल्फ" पनि प्रदर्शन गऱ्यो। ब्वाँसाको आकृतिका भनिएका ती रोबटहरूले शत्रुपक्षको चियो गर्न, विस्फोटक पदार्थ राखेर थापिएका धराप हटाउन र शत्रुपक्षका सैनिकहरू भएको ठाउँ पत्ता लगाउन सक्छन्।ड्रोनहरूले चीनको सैन्य रणनीति कुन दिशातिर उन्मुख छ भन्ने सङ्केत गरेका छन्। चीनले आधुनिक प्रविधिको प्रयोग बढाउन खोजेको मात्र नभई परम्परागत संरचनालाई प्रतिस्थापित गर्न खोजेको देखिन्छ।

रास्काका अनुसार चीनले युक्रेन युद्धबाट एउटा पाठ सिकेको छ - शत्रुमाथि ड्रोन प्रहार गर्ने र उसको प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउने। "आक्रमणको शृङ्खलामा स्फुर्तीको ठूलो महत्त्व हुन्छ," नील भन्छन्। लडाइँमा शत्रुलाई पराजित गर्न र आफ्नो हात माथि पारिराख्न तत्काल निर्णय गर्नुपर्ने आवश्यकता भएको र एआईले त्यसो गर्न सघाउने उनी औँल्याउँछन्।उनका अनुसार धेरै देशहरू अझै सैन्य प्रणालीमा एआईको प्रयोगबारे विश्वस्त हुन सकेका छैनन्।

रास्का चीन एआईको विषयमा स्पष्ट भएको ठान्छन्। "उनीहरू एआईलाई आफ्नो नियन्त्रणमा राख्न सकिने ठान्छन्। उनीहरू आफ्नो प्रणालीमा एआई समायोजन गर्न खोज्दै छन्," उनी भन्छन्। सैन्य प्रविधिमा चीनले अमेरिकालाई भेट्ने प्रयास गरेको सङ्केत परेडमा देखिएको छ। उससँग आधुनिक अस्त्रहरूको ठूलो भण्डार बनाउने स्रोत र साधन पनि छ।तर विज्ञहरू कारबाहीको क्षेत्रमा अमेरिका अझै अगाडि रहेको बताउँछन्।

अमेरिकी सेनामा मैदानमा खटेका सैन्य एकाइहरूसँग परिस्थिति हेरेर निर्णय गर्ने र लडाइँको रणनीतिमा परिमार्जन गर्ने पाउने परम्परा छ। त्यस्तो सुविधाले अमेरिकी सेना लडाइँमा बढी फुर्तिलो देखिन्छ।तर चिनियाँ सेनामा उच्चपदस्थ अधिकारी वा माथिल्लो निकायले गर्ने आदेश मान्य हुन्छ। "उनीहरूसँग आकर्षक मञ्च र प्रणालीहरू हुन सक्छन् तर माथिबाट आदेश नआएसम्म उनीहरू एउटा औँला पनि चलाउँदैनन्," उनी भन्छन्।

"चिनियाँहरू प्रविधिले प्रतिरोधात्मक क्षमता प्रदान गर्ने ठान्छन्। उनीहरू त्यसले अमेरिकालाई आफूमाथि आक्रमण गर्न रोक्ने ठान्छन … तर कार्यगत तहमा हेर्दा केही घटनाले उनीहरू आफूले दाबी गरे जस्तो तगडा छैनन् भन्ने देखाउँछन्," रास्का भन्छन्।उनका अनुसार केही साताअघि फिलिपिन्सको तटरक्षकहरूलाई लखेट्न खोज्दा चीनको सैन्य पानीजहाज आफ्नै साना जहाजहरूसँग ठोकिएको घटना त्यस्तो एउटा उदाहरण हो। नीलका अनुसार दुई दर्जनभन्दा बढी देशका नेताहरू आमन्त्रित समारोह विभिन्न चिनियाँ अस्त्र र ट्याङ्क सम्भावित क्रेतालाई देखाउने ठूलो अवसर थियो।

उक्त परेडमा उपस्थित म्यान्मारजस्ता देशहरूले ठूलो परिमाणमा चिनियाँ अस्त्र किन्ने गरेका छन्। तर चीनले नयाँ ग्राहक खोजेर वा बिक्री हुँदै आएका अस्त्रशस्त्रको परिमाण बढाएर विश्वमा आफ्नो प्रभाव बढाउन सक्ने डा रास्काको धारणा छ।चिनियाँ अस्त्रका मुख्य ग्राहकमध्ये भ्लादिमिर पुटिन र किम जङ अन उक्त समारोहमा चीनका राष्ट्रपति सीसँगै उभिएका थिए।परेडमा सँगसँगै हिँडेर र मञ्चमा पनि एकैठाउँ उभिएर ती तीन नेताले आफूहरू एउटै मोर्चामा रहेको सन्देश दिए।

त्यो अमेरिकालाई दिइएको सन्देश भएको नील मान्छन्। उनका अनुसार अमेरिकाले उनीहरूलाई साँच्चै चुनौती दिन खोज्यो भने उसले "उनीहरूसँग विभिन्न सम्भावित मञ्चमा एकैपटक लड्नुपर्ने छ - कोरियाली प्रायःद्वीप, ताइवाइन स्ट्रेस्ट र युक्रेनमा।" "अनि तीनवटै क्षेत्रमा अमेरिकामाथि दबाव दिन खोजियो भने ऊ कम्तीमा एउटामा विफल हुन सक्छ।"

## थाइल्याण्डका भावी प्रधानमन्त्रीद्वारा नयाँ चुनावी प्रतिबद्धता

एएफपी

बैङ्कक । थाइल्याण्डका नयाँ प्रधानमन्त्रीले गठबन्धनमा फुटपछि बनेको अन्तरिम सरकारले नयाँ चुनावलाई स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्न नेतृत्व गर्ने आफ्नो पूरानो वाचालाई सही तरिकाले पूरा गर्ने प्रतिबद्धता दोहोराउनुभएको छ। कन्जर्भेटिभ पार्टीका नेता अनुटिन चार्नविराकुललाई संसदले शुक्रबार अनुमोदन गरेको छ । यसका कारण उहाँका पूर्ववर्ती पेटोङ्टार्न सिनावात्रालाई सत्ताच्युत गरेपछि एक हप्ता लामो शक्ति शून्यता अन्त्य भएको छ ।

उहाँले विपक्षी समूहहरूको गठबन्धनलाई एक साथ मिलाएर एक पटक प्रभावशाली सिनावात्रा वंशका पूर्वप्रधानमन्त्री थाक्सिनको चुनावी वाहन फेउ थाई पार्टीलाई सत्तामा आउनबाट रोक लगाउन सफल भएको छ । नयाँ निर्वाचनका लागि चार महिनाभित्र संसद् विघटन गर्ने शर्तमा उहाँले बहुमत प्राप्त गरेको पिपुल्स पार्टीको समर्थन पाउनुभयो । "म सबै सहमतिको पालना गर्नेछु," शुक्रबार पार्टी मुख्यालयबाहिर उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, "मेरो छोटो कार्यकालमा हामीले हाम्रो देशमा 'मुस्कानको भूमि'को भावना फिर्ता ल्याउनुपर्छ।"अनुटिनले शुक्रबारको मतदानको अघिल्लो रात र अदालती मुद्दाको केही दिन अघि थाक्सिनको अनपेक्षित विदेश उडान भएको बताउनुभएको थियो । उहाँले विदेशमा आफ्ना साथीहरूसँग भेट्ने र चिकित्सा उपचार लिने बताउनुभएको थियो । अनुटिनले भन्नुभयो, "निर्वाचनमा कुनै पक्षपात, उत्पीडन र बदला लिने काम हुने छैन।"

सन् २०२३ को अगष्टमा निर्वासनबाट फर्केपछि थाक्सिनको अस्पताल बसाइलाई लिएर सर्वोच्च अदालतले मङ्गलबार फैसला सुनाउने भएको छ ।अनुटिनको दक्षिणपन्थी भुम्जाइथाई पार्टीले सन् २०२३ मा फेउ थाईसँग गठबन्धन गरेको थियो तर जुनमा कम्बोडियाका पूर्व नेता हुन सेनसँगको टेलिफोन वार्तामा पेटोङ्टार्नको कथित दुर्व्यवहारका कारण गठबन्धनबाट पछि हटेको थियो।

सिनावात्रा परिवार विगत दुई दशकदेखि थाई राजनीतिको मुख्य आधार बनेको छ । उनीहरूको राज्यको परम्परागत सामाजिक



व्यवस्थाको लागि खतराको रूपमा हेर्ने राजतन्त्र समर्थक, सैन्य-समर्थक संस्थापनसँग विवाद बढेको छ । उनीहरूले गत हप्ता पेटोङ्टार्नलाई पदबाट हटाउने लगायतका शृङ्खलाबद्ध असफलताहरूको सामना गर्नुपरेको छ।

अनुटिनले यसअघि उपप्रधानमन्त्री, गृहमन्त्री र स्वास्थ्यमन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएको छ ।सन् २०२२ मा भाङलाई वैधानिकता दिने वाचा पूरा गरेका कारण उहाँको चर्चा व्यापक बनेको छ । उहाँ आधिकारिक रूपमा प्रधानमन्त्री हुनका लागि उहाँको पदोन्नतिलाई थाइल्याण्डका राजाले अनुमोदन गर्न आवश्यक छ।

## आक्रमणअघि गाजा छोड्न इजरायली सेनाको निर्देशन

एएफपी

जेरुसेलम । इजरायली सेनाले गाजा सहरका बासिन्दाहरूलाई शनिबार योजनाबद्ध आक्रमणअघि यस क्षेत्र छोड्न निर्देशन दिएको छ । सेनाले आक्रमणका लागि कुनै समय-सीमा नतोकी आक्रमणको घोषणा गरेको जनाइएको छ ।

घोषणालाई आत्मसाथ गरी मानवीय क्षेत्रबाट चाँडै सर्न सैन्य प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जालमार्फत् निर्देशन दिनुभएको हो । गाजाको दक्षिणी तटमा रहेको अल-मवासीमा खाना, शिविर, औषधि र चिकित्सा उपकरणको निरन्तर आपूर्तिको साथै घुम्ती अस्पताल, पानी लगायतका सुविधाहरु भएको सेनाले बताएको छ ।अल-मवासीमा संयुक्त राष्ट्र र अन्तर र्‍ष्ट्रिय संस्थाहरूसँगको सहकार्यमा राहत सहयोगका प्रयासहरू निरन्तर जारी रहनेसमेत जनाइएको छ ।

सुरुवाती समयमा इजरायलले अल-मवासीलाई सुरक्षित क्षेत्र घोषणा गरेको थियो, तर नागरिकहरूबिच लुकेका हमास लडाकुहरूलाई लक्षित गरेको भन्दै हाल त्यहाँ बारम्बार आक्रमण गरिरहेको छ । स्थानीय बासिन्दाहरुले कोही वस्ती खाली गर्न भन्ने र कोहीले बस्नुपर्ने बताएपछि दोहोरो आक्रमणको त्रासबीच हाल उनीहरु रिमल क्षेत्रको एउटा शिविरमा शरण लिइरहेको जनाएका छन् ।

**अमेरिका 'गम्भिर वार्ता'मा**

लगभग दुई वर्षको द्वन्द्व अन्त्य गर्न बढ्दो अन्तर्राष्ट्रिय दबाबको बाबजुद गाजा सहर वरपर आफ्नो कारबाही बढाउँदै गर्दा इजरायली सेनाले प्यालेस्टिनी नागरिकहरूलाई वस्ती छोड्न निर्देशन गरेको छ।

हमासले गत महिना अस्थायी युद्धविराम र चरणबद्ध बन्धक मुक्तिको प्रस्तावमा सहमति जनाएको थियो । यसैबीच, इजरायलले आतङ्कवादी समूहलाई सबै बन्धकहरूलाई एकैचोटि रिहा गर्न, अन्य सर्तहरूसहित निरस्त्रीकरणको माग गरेको छ ।

## पश्चिमा जगतलाई पुटिनको ताजा चेतावनी

"हो, हामी शान्ति चाहन्छौं तर हाम्रो शर्तमा।
यदि तिमीले हाम्रा शर्त मान्दैनौ भने शान्ति हुने छैन।"

बीबीसी

काठमाण्डु । कतिपय अवस्थामा कसैको भनाइ सबभन्दा महत्त्वपूर्ण नहुन सक्छ।बरु सो भनाइप्रतिको प्रतिक्रिया ज्यादा महत्वको हुन सक्छ।रुसको सुदूर पूर्वमा पुगेर राष्ट्रपति भ्लादिमिर पुटिनले पश्चिमा जगतलाई कडा चेतावनी दिएः "युक्रेनमा सेना पठाउने बारे - चाहे शान्तिसेना नै किन नहुन् - सोच्दै नसोच्नु। ""यदि त्यहाँ कुनै फौज देखा पऱ्यो भने," रुसी राष्ट्रपतिले भने, "खासगरि यतिखेर जब त्यहाँ लडाइँ चलिरहेको छ, हामीले ती नष्ट गर्नका निम्ति लायक जायज निसाना भनेर व्यवहार गर्नेछौँ।"

अनि त्यसपछि सुनियो प्रतिक्रिया। भ्लादिभोस्तोकमा आयोजित आर्थिक मञ्चको कार्यक्रममा पुटिनको सम्बोधन सुनिरहेका स्रोताहरूले गडगडाएर ताली बजाए ।

रुसी अधिकारीहरू तथा व्यापारका अगुवाहरूले 'पश्चिमा फौज' नष्ट गर्ने धम्कीको खुलेर स्वागत गरेको देखियो।

त्यो हलमा सुनिएको तालीको गुञ्जन र दृश्य भयभीत तुल्याउने खालको मलाई लाग्यो।युक्रेनका समर्थक युरोपेली देशहरूको 'कोअलिसन अफ द विलिङ' वा इच्छुकहरूको गठबन्धनले त्यहाँ युद्धपश्चात् युक्रेनलाई विश्वस्त तुल्याउने फौज पठाउने वाचा गरेको भोलिपल्ट पुटिनको सो टिप्पणी आएको छ।

त्यसपछि ती स्रोताले त्यतिखेर फेरि ताली बजाए जतिखेर रुसी नेताले आफू युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग



भेट्न तयार रहेको - तर आफ्नै मातृभूमिमा मात्र भने।

"(त्यस्तो भेटघाटका निम्ति) उत्तम स्थान रुसको राजधानी हो, हिरो सहर मस्को," पुटिनले उद्घोष गरे। रुसभन्दा बाहिर पुटिनको प्रस्तावलाई गम्भीर नभएको र हुन नसक्ने भनेर बेवास्ता गरिएको छ।

तर कैयन् हिसाबमा यसले युक्रेन युद्धबारे क्रेम्लीनको वर्तमान अडान देखाउँछः "हो, हामी शान्ति चाहन्छौँ तर हाम्रो शर्तमा। यदि तिमीले हाम्रा शर्त मान्दैनौ भने शान्ति हुने छैन।"

यो कडा अडानको पछाडि कैयन् कारणहरूको मिश्रण जिम्मेवार देखिन्छ।पहिलो त रणभूमिमा आफ्ना फौजको हात माथि रहेको क्रेम्लीनको विश्वास। दोस्रो, उसको कूटनीतिक सफलता। यसै हप्ता चीनमा पुटिनले कैयन् विश्व नेताहरूसँग मुस्कुराउँदै हात मिलाए। त्यो दृश्यले चीन, भारत र उत्तर कोरियाजस्ता शक्तिशाली मित्रहरू रुसका साथ छन् भन्ने देखायो।

अनि त्यसपछि अमेरिका पनि छ। गत महिना राष्ट्रपति डोनल्ड ट्रम्पले पुटिनलाई अलास्कामा निम्त्याएर शिखर सम्मेलन गरे। स्वदेशमा क्रेम्लीन समर्थक टिप्पणीकारहरूले उक्त घटनालाई रुसलाई एक्ल्याउने पश्चिमा प्रयत्नहरूको विफलताको प्रमाणका रूपमा पेश गरे।रुसलाई लडाइँ अन्त्य गराउन ट्रम्पले यसअघि समयसीमा तथा अल्टिमेटम दिएका थिए। उनले शान्ति नअँगाल्ने हो भने रुसमाथि थप आर्थिक प्रतिबन्ध लगाइदिने धम्की पनि दिए।

तर ती धम्कीलाई ट्रम्पले लागु गरेका छैनन् - जसले रुसको आत्मविश्वास थप बलियो बनेको छ। सार्वजनिक रूपमा पुटिनले शान्तिका निम्ति ट्रम्पले गरेका प्रयासहरूको प्रशंसा गर्छन्। तर उनले ट्रम्पले अघि सारेको युद्धविरामको प्रस्ताव अस्वीकार गरेका छन् अनि युक्रेन युद्धमा सम्झौताका निम्ति कुनै रुचि प्रकट गरेका छैनन्।

उसो भए अब शान्तिको सम्भावना कस्तो छ त?हालै पुटिनले 'सुरुङको अन्त्यमा प्रकाशका किरण' आफूले देखेको बताएका थिए।

तर मलाई लाग्छ आजको दिनमा एकातिर रुस अनि अर्कोतिर युक्रेन र युरोप (साथै केही हदसम्म अमेरिका) भिन्नाभिन्नै सुरुङमा छन्, भिन्नाभिन्नै बाटोमा छन् अनि भिन्नाभिन्नै गन्तव्यतर्फ लम्किरहेका छन्।युक्रेन र युरोपको ध्यान लडाइँ अन्त्य गर्न तथा किएभका निम्ति यस्तो सुरक्षा ग्यारेन्टी निर्माण गर्न केन्द्रीत छ ताकि अहिलेको युद्धपश्चात् अर्को अतिक्रमण रोक्न सक्षम हुने गरी युक्रेनी सेना बलियो होस्।

तर जब पुटिनले 'सुरुङको अन्त्यमा प्रकाशको किरण' देखेको बताउँछन् मलाई लाग्छ उनी युक्रेनमा रुसी विजयको कल्पनामा छन्। अझ भनौँ नयाँ विश्व व्यवस्था निर्माणको कल्पनामा छन् जुन रुसका लागि फाइदाजनक छ।शान्तिको कुरा गर्दा यी दुई नितान्त भिन्न मार्गहरू कहाँ पुगेर जोडिएलान् भनेर कल्पना गर्न कठिन छ।

## धर्मगुरुको समाधिस्थलमा झडप, घटनामा संलग्नहरूको खोजीकार्य तीव्र

एएफपी

ढाका । बङ्गलादेशमा एक धर्मगुरुको चिहानमा सयौं कट्टरपन्थी इस्लामवादीले आक्रमण गर्ने क्रममा एक जनाको मृत्यु भएपछि प्रहरीले शनिबार घटनामा संलग्नको खोजी कार्य सुरु गरेको जनाएको छ।

मुस्लिम बहुल बङ्गलादेशमा कट्टरपन्थीहरूले आफ्नो पकड जमाइरहेका बेला गत वर्षको अगस्टमा अपदस्थ प्रधानमन्त्री शेख हसिनाको नाटकीय पतनपछि दर्जनौं धार्मिक स्थलहरूमा आक्रमण भएको छ।यद्यपि, मध्य बङ्गलादेशमा शुक्रबार भएको आक्रमण चिहान खनेर 'शवलाई अपवित्र गरिएको' दुर्लभ घटनासँग सम्बन्धित थियो। एक प्रत्यक्षदर्शीका अनुसार मौलवी नुरुल हक मोल्लाको शरीरमा आगो लगाएपछि घटनाले उग्ररूप लिन पुगेको हो ।

राजबारी जिल्लाका प्रहरी सुपरिटेन्डेन्ट मोहम्मद कमरुल इस्लामले एएफपीसँग भन्नुभयो, "हामीले अपराधीको पहिचान गर्न सुरु गरेका छौँ र कोही पनि कानूनको नजरबाट छुट्ने छैनन् ।" सुन्नी इस्लामवादी कट्टरपन्थीहरू मोल्लाको चिहानमा राखिएको ढुङ्गा इस्लामको सबैभन्दा पवित्र स्थल मक्काको काबासँग मिल्दोजुल्दो भएको भन्दै भीडले आक्रोश व्यक्त गरेपछि घटना भएको बताइएको छ।नुरा पग्लाको नामले चिनिने मोल्लाले आफूलाई इमाम महदी भएको दाबी गर्नुभएको थियो ।



स्थानीय पत्रकार अजाज अहमदका अनुसार अगष्टमा मोल्लाको मृत्युपछि उहाँलाई राजबारीस्थित चिहानमा गाडिएको थियो तर उहाँको अन्त्येष्टि मूलधारको सुन्नी मुस्लिम परम्पराभन्दा फरक गरिएको थियो । मोल्लाका समर्थकहरूले चिहानलाई परिमार्जन गर्ने वाचा गरेका थिए तर इमान-अकिदा रक्षा समिति नामक कट्टरपन्थी इस्लामी समूहका सदस्यहरूले शुक्रबार दिउँसोको प्रार्थनापछि मन्दिरमा प्रवेश गरेका थिए।

इस्लामले भन्नुभयो, "फलामे रड, हथौडा र लाठीले सुसज्जित करिब दुई हजार मानिसले नुरुल हकको समाधिस्थलमा प्रवेश गरी चिहानलाई अपवित्र बनाएका छन्।"कट्टरपन्थी र मोल्लाका समर्थकबीच भएको झडपमा एक जनाको मृत्यु हुनुका साथै ५० जना घाइते भएको अस्पताल प्रशासनले जनाएको छ । मृत्यु हुनेमा २८ वर्षीय रसेल मोल्ला रहेको प्रहरीले जनाएको छ ।

नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा रहेको बङ्गलादेशको अन्तरिम सरकारले मन्दिरको अपवित्रताको निन्दा गर्दै यसलाई 'अमानवीय र घृणित' भनेको छ।अन्तरिम सरकार कानूनको शासन कायम राख्न र जीवन र मृत्यु दुवै अवस्थामा प्रत्येक मानव जीवनको पवित्रताको संरक्षण गर्न प्रतिबद्ध छ।युनुस र उहाँको प्रशासनले कट्टरपन्थीहरूलाई लगाम लगाउन असफल भएको भन्दै आलोचना भइरहेको छ।

मानव अधिकारकर्मी अबु अहमद फैजुल कबिरले यो अपवित्रता बढ्दो धार्मिक असहिष्णुताको व्यापकताको एक हिस्सा भएको बताउनुभयो। कबिरले एएफपीसँग भन्नुभयो, "हामीले सांस्कृतिक कार्यक्रमहरू रोक्ने प्रयासहरू, विद्यालयहरूमा सङ्गीत शिक्षकहरूको भर्तीमा अनुचित प्रतिक्रिया र सूफीहरूको पवित्र तथा धार्मिक स्थलमा तोडफोड सामान्य भएको देखेका छौँ।"

# मुन्धुमी जीवनदर्शन बुझाउने ‘सेक्मुरी फूल’ विमोचित



काठमाण्डु । आख्यानकार मनु योङहाङद्धारा लिखित उपन्यास ‘सेक्मुरी फूल’ विमोचन गरिएको छ । मुन्धुम र बौद्ध दर्शनबीचको देशना, विमर्श र संवादमा आधारित उपन्यासको आज यहाँ आयोजित एक कार्यक्रमका बीच विमोचन गरिएको हो । यो योङहाङको आठौँ कृति हो ।

उपन्यासको विमोचन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति बैरागी काइँलाले उपन्यासले पाठकलाई बौद्ध र लिम्बू दर्शनसँगै मुलुकमा विद्यमान जीवन दर्शनको परिचय गराउने बताउनुभयो । उहाँले उपन्यासमा मिथक र शैलिगत विचित्रताको प्रयोगबारे चर्चा गर्नुभयो । “पाठकहरूलाई मुन्धुम दर्शन के हो भन्ने जानकारी हुन्छ । जीवन दर्शनका अन्य विषय जानकारी हुन्छ । हामी ज्ञान मिमांसाको क्षेत्रमा कति धनी छौँ भन्ने ज्ञान हुन्छ”, आयामेली कवि काइँलाले भन्नुभयो ।

उपन्यासकार योङहाङले मुन्धुम दर्शन एक समुदायमा मात्र सीमित नहोस् भन्ने मनसायले सबै समुदायका पाठकमा यसका महत्त्व पुऱ्याउन उपन्यासले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले यसअघि आफ्नो कृति ‘थोक्फेला (लालीगुरासँको फूल)’ को प्रकाशनपछि पाठकको सुझावअनुसार नै यसपटक ‘सेक्युमरी फूल’ लेखिएको प्रसङ्ग उल्लेख गर्नुभयो । रासस

# सुनसान छ रामेछाप विमानस्थल



मन्थली । कुनै बेला व्यस्त हुने गरेको रामेछाप विमानस्थल पछिल्लो समय सुनसान छ । यहाँको विमानस्थबाट नियमित उडान नहुँदा सुनसान भएको हो ।

काठमाडौँमा रहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट पूर्वी क्षेत्रको नजिकै रहेको विमानस्थलका रूपमा रहेको यो विमानस्थल अहिले हवाइजहाजहरू नचल्दा सुनसान भएको हो । पर्यटकीय समयमा मात्र सोलुको लुक्ला जाने बेला विमानस्थलबाट उडान भर्ने गरिन्छ ।

त्यसबेला काठमाडौँको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बढी व्यस्त हुने भएकाले विदेशी पर्यटकलाई काठमाडौँबाट सडकमार्ग हुँदै मन्थली ल्याउने र त्यसपछि हवाइजहाजमार्फत सोलुको लुक्ला पुर्याउने गरिन्छ ।

दशैँ, तिहार र छठ जस्ता चाडपर्व नजिकिँदै गर्दा अन्य जिल्लामा चल्ने विभिन्न एयरलाइन्सले जिल्ला जिल्लामा जान अग्रिम बुकिङ खुला गरे पनि रामेछापका नागरिकहरूका लागि भने हवाइजहाजबट यात्र गर्न कुनै एयरलाइन्सहरूले अग्रिम बुकिङ खुला गरेका छैनन् ।

पर्यटकको सिजनमा मात्र विमानस्थल चल्ने भएकाले विमानस्थल वरपरका रहेका होटल तथा पसलहरू पनि यतिखेर सुनसान छन् । जिल्लामा विमानस्थल हुँदाहुँदै पनि रामेछापका नागरिकहरूले यसको सुविधा नपाउनु दुःखको कुरा भएको स्थानीयको भनाइ छ । रामेछापका नागरिकहरूलाई पनि हवाई सुविधा दिलाउने पहल राजनीतिक दल र प्रदेश तथा सङ्घीय सांसदले गर्नुपर्ने स्थानीय वीरेन्द्र श्रेष्ठले राससलाई बताउनुभयो ।

उहाँले भन्नुभयो, “यहाँका मानिसहरू सडकमार्गमार्फत काठमाडौँ जाँदा बिपी राजमर्गको १२५ किमि पार गर्नुपर्छ भने पुष्पलाल मार्गको तामाकोशी-चरिकोट-मुडे हुँदै करिब २०० किलोमिटर दूरी पार गर्नुपर्दछ ।”

गत वर्ष असोजको १२ गते आएको बाढीले पुष्पलाल मार्ग र बिपी राजमार्गको धेरै ठाउँका सडकमा क्षति पुगेकाले यी दुवै मार्ग जोखिमयुक्त छ । जिल्लामा सुविधा सम्मन्न एम्बुलेन्स नभइरहको अवस्था र मन्थलीबाट काठमाडौँका लागि भएका दुईवटा सडक मार्गहरू पनि भरपर्दा नभएकाले जटिल प्रकृतिका बिरामीहरू काठमाडौँ पठाउन निक्कै समस्या हुने गरेको श्रेष्ठको भनाइ छ ।

नजिकिँदै गरेको दशैँ तिहारजस्ता पर्वका लागि हिजोआज सहरबाट गाउँ आउनेहरूको सङ्ख्या बढ्दै जान लागेको छ । जोखिमपूर्ण सडकमार्गका कारण चाडपर्वमा घर आउनेलाई यात्रा सहज नभएको मन्थली-१ का नारायणदास श्रेष्ठ बताउनुहुन्छ ।

जिल्लामा हवाई सेवाला निरन्तर गरी पर्यटन प्रवर्द्धनमा समेत टेवा पुऱ्याउने उद्देश्यका साथ मन्थली नगरले पटकपटक पहल गरेको भए पनि त्यसको टुङ्गो नलागेको मन्थली नगरपालिकामा नगर पालिकाका प्रमुख लव श्रेष्ठ बताउनुहुन्छ ।

मेयर श्रेष्ठले भन्नुभयो, “रामेछाप विमानस्थलमा नियमित उडानका लागि पहल गर्न जिल्लाका सङ्घीय सांसदसहित आफूहरू पर्यटन मत्रीलाई ध्यानाकर्षणपत्र बुझाउन पर्यटन मन्त्रालय गएको र मन्त्रीले सकारात्मक आश्वासन पनि दिएको तर त्यसको कुनै सुनुवाइ अहिलेसम्म नहुँदा नागरिकले निर्वाचित प्रतिनिधिलाई विश्वास गर्न छाडेका छन् ।”

रामेछापमा लामो सङ्घर्षपछि मात्र एयरपोर्ट कालोपत्रे गर्न सफल भएको, आफ्नो निरन्तर प्रयासले गत वर्ष असोजमा गएको बाढीका कारण मन्थलीबाट काठमाडौँ जाने दुवैतर्फको बाटो अवरुद्ध हुँदा आफूले निक्कै प्रयास गरेर केही समय हवाई सेवा सुरु भए पनि हाल बन्द भइको पूर्वराज्यमन्त्री एवं सङ्घीय सांसद पूर्णबहादुर तामाङले बताउनुभयो । उहाँले भन्नुभयो, “यहाँको विमानस्थलबाट रामेछापका नागरिक आउजाउ गर्नसक्ने गरी जहाज सञ्चालनका लागि विशेष पहल भइरहेको छ, सकभर दशैँअघिदेखि नै नियमित उडान गराउन म लागिपरेको छु । विशेष पहल गर्ने तयारी छ ।”

सोलुको लुक्लासम्मका लागि सीता, तारा र समिट एयरका एयरलाइन्सले यस एयपोर्टबाट पर्यटक ओसार्ने सिजनका बेला ६० देखि ६५ वटासम्म उडान भर्ने गरेका छन् ।

ती एयसलाइन्सका जहाजमार्फत आलोपालो प्रणालीद्वारा जिल्लाका नागरिक र बिरामीहरूलाई पनि सेवा दिने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्नुपर्ने मन्थली न पा-२ का स्थानीय गुञ्जबहादुर श्रेष्ठले बताउनुभयो ।रासस

# किन रङ्गमञ्चमा फर्किएका छैनन् रङ्गकर्मी ?



काठमाण्डु । रङ्गमञ्चमार्फत चलचित्रमा उदाएका अधिकांश कलाकार हाल रजतपटमा अग्रपङ्क्तिमा छन् ।

अनुप बराल, सौगात मल्ल, दयाहाङ राई, विपिन कार्की, खगेन्द्र लामिछाने, मेनुका प्रधान, लक्ष्मी बर्देवा, विजय बराल, रवीन्द्रसिंह बानियाँ, कमलमणि नेपाल, महेश त्रिपाठी, बुद्धि तामाङलगायत रङ्ग कर्म हुँदै चलचित्रमा स्थापित भएका कलाकार हुन् । उनीहरूलाई रङ्गमञ्चमा नदेखिएको वर्षौं भइसकेको छ । नयाँ पुस्ताले उनीहरूलाई रङ्गकर्मी नभई चलचित्रकर्मीका रूपमा चिन्न थालिसकेका छन् ।

चलचित्रमा स्थापित भएका रङ्गकर्मी रङ्गमञ्चमा फर्किन किन कठिन भइरहेको हो ? यो अहम् प्रश्नले स्वयम् रङ्गकर्मीलाई पिरोलेको छ । रङ्गकर्मलाई पनि निरन्तरता दिन अभिनेता दयाहाङ राईले केही रङ्गकर्मीसँगको सहकार्यमा मण्डला नाटकघर नै स्थापना गर्नुभयो । नाटक घरको स्तरोन्नतिका लागि उहाँले लगानी गर्नुभएको छ तर उहाँले आफूलाई रङ्गमञ्चमा प्रस्तुत गर्नुभएको छैन । समय नमिलेर नाटक नखेलेको उहाँको स्पष्टोक्ति छ ।

चलचित्रको छायाङ्कन सकेर हरेक साँझ नाटक गर्न आइपुग्दा एक दिन उहाँ बिरामी नै पर्नुभयो । “मैले सोफाको सहारामा नाटक सके । मञ्चको लाइट निभ्ने बित्तिकै मलाई साथीभाइले मण्डला नाटक घरको माथिल्लो तल्लामा लगेर उपचार गराउनुभयो । त्यसैले अहिले म भैँ धेरै साथीहरू मञ्च अगाडिभन्दा पनि निर्देशन, निर्माणलगायत काममा हुनहुन्छ जस्तो लाग्छ”, अभिनेता राईले भन्नुभयो ।

लेखिएको भूमिकालाई न्याय गर्ने कलाकारको खोजी हुँदा प्रायः लेखक र निर्देशक रङ्गमञ्चमा धाउने गरेका छन् । अहिले सानो भूमिकादेखि शीर्ष भूमिकासम्म उनीहरूको उपस्थिति छ । चलचित्रको व्यस्तताले उनीहरूलाई नाटकमा फर्किन सहजता दिएको छैन । कतिपय अवस्थामा कलामाथि व्यापार पनि हाबी भएको रङ्गकर्मीहरुको भनाइ छ ।

आर्थिक पक्षलाई सबल बनाउन भए पनि रङ्गकर्मी चलचित्रमा काम गर्ने क्रम बढेको छ । रङ्गमञ्चमार्फत कलाकारिता सुरु गरेका अनुहार चलचित्रमा मात्र देखिनु दुःखद नै हो । रङ्गकर्मी कुनै न कुनै भूमिकामा रङ्गमञ्चसँग जोडी रहनुपर्ने धारणा रङ्गकर्मी आशान्त शर्माको छ । उहाँ चलचित्रमा काम गरेता पनि प्राथमिकतामा रङ्गमञ्च नै राख्नु हुन्छ । नाटक लेख्ने र निर्देशन गर्ने अनुभवी रङ्गकर्मीको अभाव हुँदै गएकाले पनि स्थापित अनुहार कम देखिएको हुन् सक्ने विश्लेषण उहाँले गर्नुभयो ।

“स्थापित अनुहारले विश्वास गर्न सक्ने निर्देशक र लेखिएका नाटकमा पनि कमी आएको जस्तो मलाई लागेको छ । म आफैँ पनि सीमित नामभन्दा अन्यसँग काम गर्न तयार हुन् धेरै समय लिन्छु । आफूले काम नगरिसकेका निर्देशकले के कस्ता काम गर्लान् ? भन्ने डर मनमा हुन्छ नै । तर, स्थापित रङ्गकर्मीले नाटक लेखेर, निर्माण गरेर भए पनि रङ्गमञ्चसँग जोडिनु पर्छ”, रङ्गकर्मी शर्माले भन्नुभयो ।

गत वर्ष प्रदर्शन भएको चलचित्र ‘पूर्णबहादुरको सारङ्गी’ सर्वकालीन सफल चलचित्र बनिसकेको छ । यसमा शीर्षभूमिकामा देखिनुभएका अभिनेता विजय बराल पनि कुशल रङ्गकर्मीका रूपमा अपरिचित हुनहुन्छ । उहाँ वर्षमा केही समय नाटकलाई नै छुट्याएर काम गर्ने सोचमा हुनहुन्छ ।

“मेरो चलचित्र ‘पूर्णबहादुरको सारङ्गी’ प्रदर्शन भइरहँदा नै मैले ‘हरि हजुरबा’ नाटक गरे । रङ्गमञ्चले हाम्रो अभिनयलाई भड्किन दिँदैन भने हाम्रो सफलतालाई पनि ‘ह्यान्डल’ गर्न सिकाउँछ । यसकारण मैले रङ्गमञ्चलाई समय नै छुट्याएर चलचित्रमा काम गर्ने योजना बनेको छु”, अभिनेता बरालले भन्नुभयो ।

रङ्गमञ्चले नै पहिचान स्थापित गरेका रङ्गकर्मी नाटकमा फर्किन नसक्नु दुःखद नै हो । कलाकार र दर्शकबीचको सिधा सम्पर्क र तत्काल पाइने प्रतिक्रिया रङ्गमञ्चको विशेषता हो । रङ्गमञ्च अहिले पनि अभिनय सिक्ने मञ्च बनेको छ ।रासस

# राहुघाटमा दुई जलविद्युत् आयोजना निर्माण, तीनवटा निर्माणको अन्तिम चरणमा



म्याग्दी । म्याग्दीको रघुगङ्गा गाउँपालिका भएर बग्ने राहुघाट र सहायक नदीमा ५८ दशमलव आठ मेगावाट क्षमताका दुईवटा जलविद्युत् आयोजनाको निर्माण सकिएको छ । १११ मेगावाट क्षमताको थप तीनवटा आयोजना निर्माणको अन्तिम चरणमा छन् ।

तुँदीपावर कम्पनीले निर्माण गरेको ३७ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जा लिमिटेडको २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले व्यावसायिक उत्पादन थालेका हुन् ।

रघुगङ्गा गाउँपालिका-३ तिलकेनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको स्विचयार्डबाट अस्थायी रूपमा राष्ट्रिय प्रणालीमा जोडिएको हो । डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजना निर्माण पूरा नभएकाले उत्पादित विद्युत् खेर जान नदिन अस्थायी संरचनामार्फत राष्ट्रिय प्रणालीमा जोडिएको तुँदी पावरका आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाले बताउनुभयो ।

बन्दीदेखि चिमखोलास्थित चिमखोला-राहुघाट-मङ्गलेको विद्युत्गृहसम्म आठ किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन ठूलोखोला र २२ दशमलव पाँच मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले साझेदारी गरेर बनाएका छन् । चिमखोलादेखि तिल्केनीसम्म २२० केभी क्षमताको प्रसारण लाइन ठूलोखोला, माथिल्लो ठूलोखोला, चिमखोला-राहुघाट-मङ्गले र अपर राहुघाट जलविद्युत् आयोजनाले बनाएका हुन् ।

रघुगङ्गा गाउँपालिका-८ कुइनेमङ्गलेमा निर्माण भएको ठूलोखोला जलविद्युत् आयोजनाको प्रवर्द्धक संयुक्त ऊर्जाका ‘प्लान्ट म्यानेजर’ विनोद पौडेलले यही भदौदेखि केन्द्रीय प्रसारण लाइनमा जोडिएको जानकारी दिँदै आयोजना पूर्ण क्षमतामा सञ्चालन भएको बताउनुभयो ।

तीन अर्ब ६० करोड लागत अनुमान गरिएको आयोजनामा नेपाल बैङ्क लिमिटेडको नेतृत्वमा सनराइज बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क र सिद्धार्थ बैङ्कले लगानी गरेका छन् । कुइनेमङ्गले र चिमखोलाको सीमाक्षेत्र फेदीमा बाँध रहेको ठूलोखोलाको तीन हजार ३८२ मिटर सुरुङ र ६३४ मिटर पेनस्टक पाइप हुँदै ल्याइएको पानीलाई छरीमा निर्माण भएको विद्युतगृहमा खसालेर विद्युत् उत्पादन गरेको हो ।

रघुगङ्गा गाउँपालिका-८ बन्दीमा बाँध रहेको चिमखोला-मङ्गले-राहुघाट जलविद्युत् आयोजनाको पाँच किलोमिटर ३०० मिटर लामो सुरुङबाट ल्याइएको पानी रघुगङ्गा-७ चिमखोलाको बगरस्थित विद्युत्गृहमा खसाल्न ९५० मिटर पेनस्टक पाइपलाइन बनाएको छ । चिमखोला-मङ्गले-राहुघाटसहित तुँदी पावर नै प्रवर्द्धक रहेको ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजनाको लागत रु १४ अर्ब रहेको छ ।

यसैबीच, अपर राहुघाटले परीक्षण उत्पादनको तयारी गरेको छ । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो प्रवर्द्धक ४० मेगावाट क्षमताको राहुघाट र २२ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना पनि निर्माणको अन्तिम चरणमा छन् ।रासस

# फापरखेतीमा कृषकको आकर्षण बढ्दो

मुगु । यहाँका गाउँघरमा फापरखेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ । तरकारी र नगदे बालीले केही वर्ष ओझेलमा पारेको फापरखेतीमा हाल पुनः कृषकहरु आकर्षित भएका हुन् ।

विशेषगरी यहाँका मुर्मा, पिना, रारा र आसपासका बस्तीहरूमा किसानहरूले फापरखेती गर्न थालेका छन् । स्वास्थ्यका दृष्टिले लाभदायी मात्र नभई राम्रो मूल्य पाइने भएकाले किसान यसतर्फ आकर्षित भएका हुन् ।

स्थानीय शिक्षक नन्दसिंह रोकायाका अनुसार फापरखेती पहिले जस्तै लोकप्रिय हुन थालेको छ । उहाँले भन्नुभयो, “हाम्रो पुरानो र मुख्य खेती नै फापर हो । अहिले बजारमा चामल र गहुँले ठाउँ लिए पनि फापरखेती फाइदाजनक भएकाले यसप्रति आकर्षण बढ्दै गएको छ ।”

वडा नं ९ मुर्मा गाउँकै अर्का कृषक झुपुकला रोकायाले फापरखेतीले आम्दानी दिने सम्भावना बढेको बताउनुभयो । उहाँ भन्नुहुन्छ, “पहिले फापरलाई गरिबको अन्न भनेर हेपिन्थ्यो । तर अहिले यसको पीठो र परिकार बजारमा महँगोमा बिक्री हुने गर्छ । यसले हामीलाई आत्मनिर्भरतासँगै आयस्रोत वृद्धि गरेको छ ।”

मुगु-रारा पर्यटकीय क्षेत्रमा आउने पर्यटकले स्थानीय उत्पादन खोजी गर्ने भएकाले फापरको माग दिनानुदिन बढ्दो छ । होटल व्यवसायीहरूका अनुसार, पर्यटकले विशेषगरी फापरका ढिँडो, रोटी, लड्डु, तथा विविध परिकार माग गर्छन् । यसले किसानलाई उत्पादन बढाउन थप हौसला मिलेको छ ।

फापरमा कार्बोहाइड्रेट, प्रोटिन, फाइबर, आइरनलगायतका पौष्टिक तत्व हुने बताइन्छ । उच्च रक्तचाप, मधुमेह, मुटु रोगीका लागि फापर उपयुक्त मानिने भएकाले स्थानीय उत्पादनले बाहिरी बजारमा प्रतिस्पर्धा गर्न सक्ने किसानहरू बताउँछन् ।

जिल्लाको चिस्यानयुक्त भेगमा सहजै फल्ने यो बालीमा उत्पादन खर्च पनि कम हुने गर्छ । स्थानीय सरकार र कृषि कार्यालयले समेत फापरलाई परम्परागत बाली संरक्षणसँगै आयआर्जनको विकल्पका रूपमा प्रवर्द्धन गर्ने योजना बनाएका छन्। रासस

# बाढीको चपेटाले ओझेलमा पऱ्यो ‘पञ्चकन्या झरना’



धुलिखेल । पछिल्लो समय ‘पञ्चकन्या झरना’ सुनसानजस्तै छ । पहिला झरनाको वरीपरी आनन्द लिनेहरूको घुइँचो लाग्ने गर्थ्यो तर अहिले उक्त स्थानमा मानिसहरू बिरलै पुग्ने गरेका छन् ।

एक वर्ष अगाडि गएको बाढीपहिरोको कारण त्यहाँसम्म जाने सडक र आसपासको क्षेत्रमा पुगेको क्षतिका कारण काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-१२ खारखोलामा रहेको पर्यटकीय झरना ओझेलमा पर्दै गएको हो ।

पनौती-रोशी बजार-सिरुखोला-पचारेदोभान र खारखोला भएर झरना जाने बाटो बाढीले बगाएपछि पर्यटकलाई त्यहाँसम्म जानका लागि समस्या भएको छ । अहिले मानिसको आवागमन कम हुँदै गएको पञ्चकन्या ट्राउट हाउस एण्ड मिनि रिसोर्ट सञ्चालन गर्दै आउनुभएका सञ्चालक दीपेन्द्र लामिछानेले बताउनुभयो । “एकातिर बाढीले पोखरी र बाटोमा क्षति पुऱ्यायो, अर्कोतिर काठमाडौँबाट आउने पर्यटककालागिसूर्यविनायक-साँगा-धुलिखेलको सडक विस्तारका कारण बाटो असहज भएपछि मानिसहरूको आगमन कम भइरहेको छ”, उहाँले भन्नुभयो, “झरनाको आकर्षण बढाउन, पोखरी र बाटोको संरचना निर्माणका लागि नगरपालिकाबाट आवश्यक बजेटको व्यवस्थापन भइसकेकाले अब छिट्टै बन्ने अवस्थामा छ ।” पर्यकीयस्थलको संरचनामा क्षति पुगेपछि व्यवसायमा समेत असर परेको उहाँले बताउनुभयो ।

खारखोलाका स्थानीयवासी मैयाँ हमालले झरनाको पोखरी र त्यहाँ जाने बाटो नै बाढीले बगाएपछि आफ्नो पसल अगाडि सडक मर्मत गर्दा बनेको खोलाको पोखरीसम्म आएर पौडी खेलेर फर्कने गरेको बताउनुभयो । बाढीले धेरै क्षति पुऱ्याएको यस ठाउँमा स्थानीय सरकारले समयमा नै संरचना पुनर्निर्माण नगर्दा व्यवसायमा मन्दी आउनुका साथै स्थानीय कृषि उत्पादन वस्तु बिक्री गर्न नपाएको स्थानीयको गुनासो छ ।

पनौती नगरपालिका-१२ का वडाध्यक्ष जयराम केसी खत्रीले बाढीले क्षति पुऱ्याएको झरनाको पोखरी बनाउनको लागि यस आर्थिक वर्षमा रु पाँच लाख बजेट व्यवस्थापन भइसकेको बताउनुभयो । “अब झरनाको पोखरी र त्यहाँसम्म जाने बाटो व्यवस्थित बनाउनको लागि नगर र वडाले योजना बनाइसकेको छ,” उहाँले भन्नुभयो ।

हरियाली वनजङ्गलको फेदमा लेकबाट आएको चिसो र कञ्चन पानीको झरनामा रुझ्दै पौडी खेल्ने र आराम गरी मनोरञ्जन लिने पोखरी र त्यहाँसम्म जाने बाटोको संरचना नै बगाएपछि त्यहाँको आकर्षण गुमेको छ । विशेष गरेर गर्मीयाममा घुइँचो लाग्ने गरेको सो ठाउँमा शनिबार र बिदाका दिन घुम्न जानेहरूको गन्तव्यस्थल हो ।रासस


## सिलवन्दी कोटेशन सुचना सम्वन्धमा

**सूचना प्रकाशित मिति :– २०७२/५/२२**

नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालय सामुदायिक विकास विभाग तथा आई एफ आर सि अर्न्तगत आपत्कालिन राहत कोष (DREF) वाट गरिएको अपिल स्विकृत भै प्राप्त आर्थिक सहयोगमा रौटहट जिल्लामा सन् २०२५ अगष्ट देखि Drought Response Operation 2025 कार्यक्रम संचालन भैरहेको छ।

उक्त कार्यक्रम सञ्चालित समुदायमा तत्काल खानेपानी वितरणमा सहजताका लागि तपसिल बमोजिमको संख्यामा तपसिल बमोजिमको स्पेसीफिकेशन बमोजिमको खानेपानी ट्याङ्की आवश्यक भएकाले भ्याटमा दर्ता भएका फर्म/सप्लायर्सहरुवाट सिलवन्दी कोटेशनका लागी यो सुचना जारी गरीएको छ । इच्छुक फर्म/सप्लार्यसले यो सुचना प्रकाशनको मितिले ७ दिन भित्रमा फर्म/सप्लायर्स दर्ता नविकरणको प्रतिलिपी कर चुक्ताको प्रतिलिपी समेतका कोटेशनमा आवश्यक कागजात संलग्न गरी दर रेट सहितको कोटेशन नेपाल रेडक्रस सोसाईटी रौतहट जिल्ला शाखा गौरमा आईपुग्ने गरी उपलब्ध गराउनका लागी यो सुचना जारी गरीएको छ ।

**तपसिल :**

१. खानेपानी ट्याङ्की ५००० लि राख्ने स्ट्याण्ड - थान ५ (प्रति थान तयारी कुल ३०० देखी ३१० केजी) (लम्वाई ७६ इन्च, चौडाई ७६ इन्च, उचाई ५ फिटमा बेस राखी सो बाट ओभर ल्याप ३ फिट, चारवटा खुट्टा, बेस र वेसको तलको सपोट साढे २ इन्च फलाम एङ्गल, ओभर ल्याप, खुट्टा क्रस र तल फेरो २ इन्च फलाम एङ्गल, बेसको पाता डेढ इन्च फलाम पाता, ओभरल्याप फेरो २ इन्च एङ्गल वा डेढ इन्च पाता)

**नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखा ०५५-५२०१४१**

# ‘विकासको माध्यमले नागरिकलाई समृद्ध बनाउने’

**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेश सरकारका अर्थमन्त्री सुनिल कुमार यादव ( जितेन्द्र) ले विकासको माध्यमले नागरिक लाई समृद्ध बनाउने योजना अनुसार काम गरिरहेको बताएका छन् ।



गृह जिल्ला रौतहटको कटहरिया स्थित आयोजित कार्यकर्ता भेटघाट कार्यक्रम लाई सम्बोधन गर्दै अर्थमन्त्री यादवले प्रदेश सरकार नागरिक लाई समृद्ध बनाउन कृषी, संगै भौतिक पूर्वाधार विकासमा जोड दिएको बताए ।

नेपाली काँग्रेसका जिल्ला सभापति समेत रहेका मन्त्री यादव कार्यकर्ताहरूको गुनासो सुन्दै पार्टी संगठनलाई अझ मजबुत बनाउन सबै तहका नेतागण र कार्यकर्ताबीच आपसी विश्वास, समन्वय र निरन्तर संवाद आवश्यक रहेको धारणा राखेका थिए ।

उनले प्रदेश सरकारले गरेका विकास योजनाबारे जानकारी दिँदै कार्यकर्तालाई पार्टी संगठनमा सशक्त रूपमा क्रियाशील रहन आग्रह गरेका थिए ।

नेपाली कांग्रेस कटहरिया नगर समितिद्वारा आयोजित नगर कार्यकर्ता भेटघाट कार्यक्रमका प्रमुख अतिथि अर्थमन्त्री शुनिल कुमार यादव (जितेन्द्र)को विशेष उपस्थितिमा भएको कार्यक्रममा कार्यकर्ताहरूले आफ्नो गुनासो, समस्या तथा पार्टी संगठनको सुदृढीकरणबारे छलफल गरेका थिए ।

नगर कमिटीका अध्यक्ष शम्भुकान्त यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय नेतादेखि सामान्य कार्यकर्तासम्म सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा कार्यकर्ताले नेतृत्वसँग संगठन विस्तार, आन्तरिक एकता, आगामी चुनावमा पार्टीको रणनीति र जनस्तरमा कांग्रेसको प्रभाव बढाउने विषयमा विस्तृत रूपमा विचार विमर्श गरेका थिए ।

सो भेटघाटले कांग्रेसभित्र आधारभूत तहमा रहेको असन्तोष र संगठनात्मक कमजोरीलाई सतहमा ल्याएको देखिन्छ। कार्यकर्ताले गुनासो खुला रूपमा राख्न पाउनु नेतृत्व-कार्यकर्ता सम्बन्धमा सकारात्मक संकेत मानिन्छ। अर्थमन्त्री समेत रहेका जिल्ला सभापतिले स्थानीय कार्यकर्ताको समस्या सुन्नु र छलफलमा सहभागी हुनु पार्टीभित्र संवाद संस्कृतिको राम्रो अभ्यास रहेको छ ।

भेटघाट कांग्रेस संगठनलाई एकताबद्ध बनाउन र आगामी राजनीतिक प्रतिस्पर्धामा तयारी स्वरूप महत्त्वपूर्ण अवसरका रूपमा लिइएको छ ।

उक्त अवसरमा कटहरिया ५ का वडा अध्यक्ष सर्फलाल प्रसाद,७ का वडा अध्यक्ष शहीद मियाँ, पूर्व वडा अध्यक्ष उमेश यादव लगायत दर्जनौं नेता कार्यकर्ताको सहभागिता रहेको आयोजकले जनाएको छ ।

# सभामुखका ज्वाइँबाट वर्षदिनदेखि पीडित हुँदा प्रहरी मौन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिका-३ का चर्चित मैथिली गायक रोशन मण्डलल विगत डेढ वर्षदेखि आफ्नै आफन्तजनबाट पीडित बनेका छन् भने उनको परिवार निकै त्रासदी जीवन व्यतित गर्न बाध्य छन् ।

प्रदेश सांसद रामचन्द्र मण्डलबाट सभामुख बनेदेखि नै उनका ज्वाइँ रमेश मण्डलले नातामा दाजु पर्ने रोशन र उनकी श्रीमतीमाथि पटकपटक दुर्व्यवहार गर्दै आएका छन् भने घरमै कुटपिटसमेत गर्ने गरेका छन् ।

पीडित रोशनले आफ्नो भोगाइँ र समस्याबारे पालिका र प्रहरीप्रशासनमा भने पनि अहिलेसम्म उनले न्याय नपाउँदा त्रासदीपूर्ण जीवन व्यति तगर्न बाध्य छन् ।

सभामुख रामचन्द्रका सचिवालयसमेत रहेका ज्वाइँ रमेशले ससुराको शक्ति र पहुँचको दुरुपयोग गर्दै रोशन, उनको आमा र उनकी श्रीमती मिलनदेवीलाई केही दिन अघि घरमा कोही नभएको बेला निर्घातरुपमा कुटपिट गरे । उनीहरुलाई कुटपिट गर्न दर्जनभन्दा युवाहरुको एक समूह नै परिचालन गरेका थिए ।

उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा भर्ना भएका बेला पनि अस्पतालमै पुगेर प्रहरीको अगाडि नै धाकधम्की दिइ रमेशले गाउँ नै छाड्न चेतावनी दिएको पीडित रोशनले आरोप लगाए ।

सो घटनाबारे स्थानीय प्रहरीदेखि जिल्ला प्रहरी कार्यालय धनुषासम्म जानकारी गराउँदै न्याय माग्दासमेत उनले न्याय पाउनुको साटो उल्टै पीडक रमेश र सभामुख रामचन्द्रबाट डर छाड्न धम्की नै पाएको पीडित मिलनदेवीले भनिन् । केही महिना अघि रोशनले जनकपुधराममा नै पत्रकार सम्मेलन गर्दै प्रहरी प्रशासनबाट न्याय नपाएको भन्दै सञ्चारमाध्यमसंग न्यायका लागि गुहार लगाएका थिए ।



> “हाम्रो घरको दैलोमा फोहर, मल, पिसाब, बियरको बोतल र स्यानिटरी प्याड फालिन्छ,” उनले भनिन्, “यसबारेका भिडियो प्रमाण हामीसँग छन्, तर प्रहरी किन अझै मौन छ ?”

गायक रमेशका अनुसार रमेश मण्डल, उनका पिता सियाशरण मण्डल र केही नातेदारहरूले लामो समयदेखि मानसिक तथा शारीरिक यातना दिँदै आएका छन् ।

मिलन देवीले पनि आफूमाथि भएको दुर्व्यवहारबारे खुलस्त गरिन् । उनले भनिन्, “हाम्रो घरको दैलोमा फोहर, मल, पिसाब, बियरको बोतल र स्यानिटरी प्याड फालिन्छ,” उनले भनिन्, “यसबारेका भिडियो प्रमाण हामीसँग छन्, तर प्रहरी किन अझै मौन छ ?”

पीडित परिवारका अनुसार २०७८ सालदेखि पटक-पटक प्रहरीलाई उजुरी दिँदै आएका छन् । तर प्रहरी रमेशको पक्षमा उभिएको गुनासो छ। “एक दिन त प्रहरी चौकीमै उल्टै मेरो श्रीमान्लाई कुटियो,” मिलन देवीले आरोप लगाइन् ।

०७९ साल भदौं ५ गते रमेशले कोदालो लिएर कुटपिट गरेको, गालीगलौज र ज्यान मार्ने धम्की दिएको उजुरीमाथि पनि अहिलेसम्म कुनै कारबाही नभएको गुनासो गरिएको छ ।

सभामुख रामचन्द्रलाई पनि भेटेर गुनासो राख्दा पनि सहयोगको सट्टा झमेलाबाट बच्न गाउँ छाड्न सुझाव दिएको आरोप मिलन देवीले लगाइन् । उनले भनिन्, “सभामुखले उल्टै भने, ‘जनकपुरधाममा कोठा लिएर बस, या कतै घर बनाएर जानु ।”

“२५ लाख रुपैयाँ खर्चेर पक्की घर बनायौं, तर आज त्यही घरमा बस्न डर लाग्छ,” मिलनले भनिन्, “हामीसँग राजनीतिक पहुँच छैन, नारी र दलित भएकै कारण हामीमाथि यस्तो व्यवहार भएको हो ।”

सो घटनाबारे मिथिला विहारी नगरपालिकाका वडा अध्यक्ष कृष्णकुमार बसन्तले चासो राख्दै न्यायका लागि दुबै पक्षलाई छलफलमा बोलाएर दुःख नदिन आग्रह गरेका थिए । तर प्रहरीकै अगाडि वडाध्यक्ष बसन्तलाई सभामुखका ज्वाइँ रमेशले धम्की दिए ।

त्यसको केही दिन पछि उनलाई पूर्वाधार विकास कार्यालय धनुषामा योजनावद्धसहित एक कर्मचारीमार्फत फोन गरी कार्यालयको कामकाजका लागि बोलाएको र सोही क्रममा कुराकानी गर्नुछ भनि भौतिक निर्माणको काम मापदण्ड विपरीत कामकाज भएको भन्दै रमेशले वडाध्यक्ष बसन्तलाई कुटपिट गरेका थिए ।

त्यसपछि वडाध्यक्ष बसन्तले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिँदै प्रहरीलाई आफ्नो औँला भाँचिदिएको, आफूलाई अभद्र व्यहावर गरेको तथा गालीगलौजसमेत गरेकोले रमेशकुमार मण्डललाई कानुन अनुसार कारबाही गर्न माग गरेका थिए ।

सभामुख रामचन्द्रका ज्वाइँ रमेशमाथि चेक बाउन्सलगायतका मुद्दामा प्रहरीले पक्राउ पूर्जी गरे पनि हालसम्म पक्राउ नगर्दा उनको मनोमानी बढ्दै गएको स्थानीयवासीहरु बताउँछन् ।

# गुठी सम्बन्धी कानुनमा परिवर्तन गर्न आवश्यक : मेयर साह



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले गुठी सम्बन्धी कानुनमा परिवर्तन गर्नु पर्नेमा जोड दिएका छन् ।

जनकपुरधाममा शनिबार दशैंमा हुने राजदेवी, बौद्धी माता तथा अन्नपूर्णा माताको पूजा व्यवस्थापन तथा बोकाबली सन्दर्भमा बसेको बृहत सर्वपक्षीय छलफल कार्यक्रममा बोल्दै मेयर साहले संघीय गणतान्त्रिक लोकतन्त्र प्रणाली लागुभएदेखि तीनै तहका सरकारलाई थुप्रै किसिमको अधिकार र जिम्मेवारी बाँडफाँट गरिएपनि गुठी सम्बन्धी नियम कानुनमा कुनै परिवर्तन न आएको गुनासो गरे । उनले अहिले पनि गुठी संस्थान केन्द्रिय प्रणालीमै आधारित रहेकोले यसले स्थानीय तहको विकासमा अडचन भइरहेको जानकारी दिए । गुठी संस्थानमा विकेन्द्रिकरण नहुनजेल जनकपुरधामको विकास नहुने मेयर साहको भनाई छ ।

मेयर साहले जनकपुरधामको विभिन्न मन्दिरहरुको उदाहरण दिँदै सो मन्दिरहरुको बिजुली बत्ती बिद्युत प्राधिकरणले काटीदिएकोमा आफूलाई चित्त दुखेको सुनाए । मेयर साहले दस्तावेजीकरणमा सम्भव भए ती मन्दिरहरुलाई गुठी संस्थानले आफ्नो नेतृत्वमा लिएर बिजुली पानीको व्यवस्था गर्न आग्रह गरे ।

मेयर साहले जनकपुरधामसंग जोडिएको जटही सीमानाका अहिले केही दिनका लागि बन्द रहेकोले महोत्तरीस्थित भिठ्ठामोड नाकाबाट पूजाको सरसामान ल्याउन सम्बन्धित महोत्तरीका मेयर, प्रमुख जिल्ला अधिकारी, भन्सार प्रमुख, सुरक्षा निकायलगायत पदाधिकारीहरुलाई आग्रह गर्ने बताए। उनले घटस्थापनादेखि नै बिजुली, पानी, सुरक्षा, ट्राफिक व्यवस्थापनको काममा कुनै कसर नछुट्ने गरी श्रद्धालुभक्तजनहरुको सुविधालाई ध्यानमा राखी काम गर्न मातहतका पदाधिकारीहरुलाई आग्रह गरे।

छलफलमा युवा क्लबहरुले उपसमितिहरु बनाएर जिम्मेवारी बाँटफाँट गर्ने जानकारी दिए ।

छलफलमा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले अन्य वर्ष भन्दा केही फरक र थप व्यवस्थित दशैं बनाउन सुझाव दिएका थिए ।

# मधेशमा मौरीपालनको सम्भावना

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा कृषि क्षेत्रलाई सम्मानजनक पेशाको रूपमा स्थापित गर्न र कृषि क्रान्ति ल्याउनका लागि सरोकारवालबीच छलफल भएको छ ।

मौरी पालनबाट हुने कृषि क्रान्ति, चुनौती र सम्भाव्यताबारे गहन छलफल भएको थियो । कार्यक्रमका सहभागीहरुले मौरीबाट उत्पादन हुने मह बिक्रीलाई पहिलो सम्मानजनक पेशा बनाउनुपर्नेमा वक्ताहरुले जोड दिए ।

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले मधेश प्रदेश सरकारले छिटै मौरी पालक किसानहरुलाई सरकारले लगानी गर्ने जनाए । उनले कृषि ऐन माफत कृषकलाई सहलियत दिने बताए । यस्तै मधेश प्रदेशका भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहालले मन्त्रालयको आगामी कार्य योजनामा मौरी कृर्षकलाई प्रवर्द्धन गर्न विशेष प्याकेज निर्माण गरी अघि बढ्ने बताए ।

मौरीपालक रत्न दास खतिवडाले नेपालको अर्थतन्त्र परम्परागत रूपमा कृषिमा निर्भर भएता पनि कृषिलाई सरकारले पर्याप्त महत्व दिँदै आएको छैन भन्दै यस क्षेत्रमा ठूलो सुधार आवश्यक रहेको बताए ।कार्यक्रममा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र ललितपुरका प्रमुख भोजराज सापकोटाले कार्यपत्र प्रस्तुत गरेका थिए । नेपाल मौरी पालक महासंघ पुर्व सहसचिव मौरी विज्ञ दुर्गा प्रसाद दवाडीले नेपालमा मौरी ब्यवसाय संभावना र चुनौती बारे कार्यपत्र प्रस्तुत गरियको थिए । यस मधेश प्रदेशमा मौरी व्यवसाय सम्भावना र चुनौतीबारे कार्यपत्र प्रस्तुत भने कुशल व्यवसाय परामर्श तथा तालिम केन्द्रका अध्यक्ष सरोज कोइरालाले गरे ।

# लगानी सम्मेलनको तयारीमा प्रदेश सरकार



**टुडे समाचारदाता**

वीरगञ्ज । उद्योगमन्त्री बसन्त कुशवाहाले प्रदेश सरकारले १ हजार मेगावाटको सौर्य विद्युत परियोजनाको तयारी गरिरहेको बताए छन् ।

मधेश प्रदेश सरकारले आउँदो जनवरीमा गर्न लागेको लगानी सम्मेलन तयारीबारे यहाँका उद्योगी/व्यवसायीलगायत सरोकारवालासँगको छलफलमा सौर्य विद्युत परियोजनाको तयारीबारे बताए ।

उनले लगानी सम्मेलनबाटै मधेश प्रदेशमै युरिया मल उत्पादन गर्ने उद्योग स्थापनाका लागि पनि लगानी जुटाउन सकिने उनले बताए ।

मधेशका प्रत्येक जिल्लामा विशेषज्ञ सेवासहितको ५ सय शय्याको अस्पताल निर्माण गर्ने लक्ष्य पनि मधेश सरकारको रहेको उनले बताए । सम्मेलनमा शिक्षा, पर्यटन, लजिस्टिक, बिउबिजन उत्पादन, जैविक मल उत्पादन आदि क्षेत्रमा पनि लगानी जुटाउन सकिने उनले बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले लगानी सम्मेलनअघि वीरगन्जको पायक पर्ने सिमरा विमानस्थल र यससँग जोडिएका सडकहरुको स्तरोन्नति आवश्यक रहेको उनको भनाइ छ ।

उनले मधेशमा सौर्य उर्जा क्षेत्रमा विदेशी लगानी आउन सक्ने तर सोलार परियोजनाहरुलाई सुरक्षाको प्रत्याभूति दिइनु पर्ने उनले बताए । उनले मधेशमा कृषि, रासायनिक मल र मोटर पार्ट्स क्षेत्रमा लगानी भित्र्याउनु उपयुक्त हुने बताए ।

वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अशोककुमार वैद्यले वैदेशिक लगानी भित्रिनुअघि तीन तहको कर प्रणालीमा रहेको जटिलताहरु हटाइनु पर्ने, उद्योग संचालनको इजाजत दिँदा एकद्वार प्रणालीबाट दिनु पर्ने बताए ।

भारतको बिहार र उत्तर प्रदेश सरकारसँग मधेशको संयुक्त पर्यटन बोर्ड गठन गरेर भारतीय पर्यटक भित्र्याउन गृहकार्य थाल्नु पर्ने उनले सुझाए । वीरगञ्जलाई आर्थिक र जनकपुरधामलाई धार्मिक राजधानी घोषणा गरिनु पर्ने उनको जोड रहेको थियो ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले मधेशमा लगानी सम्मेलन अघि निजी क्षेत्र मैत्री लगानी कानुन आइसक्नु पर्नेमा उनले बताए ।

# ‘डिम्पल झा स्मृति छात्रवृत्ति तथा छोरी संरक्षण कार्यक्रम’ सम्पन्न




**टुडे समाचारदाता**

रौतहट । रौतहटको पूर्विभेग दुर्गाभगवती गाउँपालिका-३ मत्सरीमा ‘डिम्पल झा स्मृति छात्रवृत्ति तथा छोरी संरक्षण कार्यक्रम’ भव्य रूपमा सम्पन्न भएको छ ।

कार्यक्रम अन्तर्गत छोरी जन्माउने आमाहरुलाई सम्मान स्वरूप नगद पाँच-पाँच हजार रुपैयाँ वितरण गरिएको छ। त्यस्तै, शैक्षिक क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको हो। कक्षा १२ मा ३.६ जीपिए ल्याएकी अनुष्का राम र ज्योति सराफलाई जनही २५/२५ हजार रुपैयाँ नगद पुरस्कार दिइएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल सद्भावना पार्टीका राष्ट्रिय अध्यक्ष तथा पूर्वमन्त्री अनिल कुमार झाले डिम्पल झाको योगदानको स्मरण गर्दै यस्तो प्रेरणादायी कार्यक्रम समाजमा सकारात्मक सन्देश दिने बताएका छन्। उनले कार्यक्रम सफलतापूर्वक सम्पन्न गराउन वडा अध्यक्ष डी.के. झालाई धन्यवाद दिएका थिए ।

सो अवसरमा दुर्गाभगवती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन कुमार श्रीवास्तव, नेता रेवन्त झा, मैथिली ब्राह्मण संघका कोषाध्यक्ष नवीन झा, मनोज झा लगायत स्थानीय सरोकारवाला, पत्रकार, भद्रभलाद्मी, विद्यार्थी, अभिभावक र ज्येष्ठ नागरिकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

दिवंगत नेतृ डिम्पल झाको स्मृतिमा गरिएको कार्यक्रमले स्थानीय तहमा महिला नेतृत्वको योगदानलाई स्मरण मात्र गरेन, आगामी पुस्तालाई समेत प्रेरणा प्रदान गरेको छ ।

# तीन बुँदे राख्दै शिक्षकहरु आन्दोलनमा उत्रिए

**टुडे समाचारदाता**

जनकपुरधाम । लामो रस्साकस्सी र विवादका बीच विद्यालय शिक्षा विधेयकको प्रतिवेदन संसदीय समिति हुँदै प्रतिनिधि सभामा पुगेको छ । तर यसको विरोधमा जनकपुरधामसहित देशव्यापीरुपमा भइरहेको छ ।

माध्यमिक विद्यालय शिक्षक युनियन नेपाल (हिस्टुन) मधेश प्रदेश कार्य समितिले पनि विभिन्न ३ बुँदे माग राख्दै जनकपुरधामस्थित जनक चोकमा सरकारको विरोधमा धर्ना दिएको छ ।




उच्च माध्यमिक विद्यालय अर्थात कक्षा ११ र १२ मा अध्यापन गराउँदै आएका शिक्षकहरुको मानमर्दन हुने गरी स्तरोन्नतिको साटो स्तर नै तल झार्ने गरी ल्याउन लागेको शिक्षा विधेयकप्रति गम्भीर असहमति जनाउँदै सरकारको विरोधमा आन्दोलनमा उत्रिनु परेको हिस्टुन मधेश प्रदेशका सचिव खडिनद्र दाहालले जानकारी दिए ।

उच्च माध्यमिक विद्यालयमा अध्यापन गराउँदै आएका शिक्षकहरुले जनकपुरधामस्थित जनक चोकमा शुक्रबार र शनिबार सरकारले प्रतिनिधिसभामा पेश गरेको शिक्षा विधेयकको विरोधमा धर्ना दिएका थिए ।

उनीहरुले ६० वर्ष उमेरसम्म माध्यमिक विद्यालय द्वितीय श्रेणीमै राखेर सामाजिक सुरक्षा कोषमा आवद्ध गराएर पेसागत निरन्तरता हुनुपर्ने, अवकाश हुँदा बखत आकर्षक गोल्डेन ह्यान्ड्सेकको व्यवस्था हुनुपर्ने र विज्ञापन हुँदा कार्यरत शिक्षकको उमेर हदबन्दी हटाउनुपर्ने माग राखेर आन्दोलनमा उत्रिएका छन् ।

# नुनथर महादेव मन्दिरभित्र अव्यवस्था : भक्तजन आक्रोशित

**टुडे समाचारदाता**

रौतहट । हिन्दूहरूको आस्थाको केन्द्र रौतहटको चन्द्रपुर नगरपालिका-१ मा अवस्थित नुनथर महादेव मन्दिर पछिल्ला दिनमा अव्यवस्था, अनियमितता र आपराधिक गतिविधिका कारण विवादमा परेको छ । मधेश प्रदेशदेखि सीमावर्ती भारतीय भक्तजनहरूको धार्मिक आस्था र श्रद्धाको केन्द्र मानिने यो मन्दिरमा खुलेआम मासु काट्ने कार्यदेखि कर असुलीसम्मका गतिविधि भइरहेको भक्तजनहरूले आरोप लगाएका छन् ।

नुनथर महादेव स्थानमा हरेक वर्ष साउन र भदौ महिनामा हजारौं बोलबम भक्तजन बागमती नदीबाट जल ल्याई भगवान् शिवको मूर्तिमा अर्पण गर्दै पूजाअर्चना गर्ने परम्परा रहिआएको छ। त्यतिमात्र नभई मन्दिर छेउमै रहेको बागमती नदीबाट हजारौं भक्तजनहरुले जल लागेर आराध्यदेव महादेव मन्दिरमा चढाउने गर्दछन् । तर पछिल्लो समय पवित्र स्थलको गरिमा मासिन थालेको भन्दै भक्तजन आक्रोशित बनेका छन् ।

धार्मिक स्थल श्रद्धा र संस्कृतिको प्रतीक भएकाले यहाँ भएका अव्यवस्थित गतिविधिले नकारात्मक सन्देश फैलाइरहेको छ । आस्थामाथि आधारित स्थललाई व्यक्तिगत लाभ र व्यवसायिक स्वार्थको अखडामा परिणत गर्ने प्रवृत्तिले धार्मिक पर्यटन र समाज दुबैलाई असर गर्ने देखिन्छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८